पुष्करलालद्वारा प्रतिष्ठापित

# नेपाल समाचारपत्र

राष्ट्रिय दैनिक

newsofnepal.com

बुधबार, मंसिर १९, २०८१ | Wednesday, December 4, 2024 | नेसं ११४५, थिल्लाथ्व ३ | वर्ष २९, अंक २७२ | पृष्ठ ८ | मूल्य रु १०/–




प्रधानमन्त्रीको चीन भ्रमण

## नेपाल-चीन सहमति-सम्झौता कति उपलब्धिमूलक !

जीवन शर्मा, काठमाडौं

नेपालका प्रधानमन्त्री केपी शर्मा ओली र जनवादी गणतन्त्र चीनबीच ६ वटा समझदारी र ३ वटा पत्र आदानप्रदान भएका छन्। चारदिने चीन भ्रमणका क्रममा सोमबारदेखि बेइजिङमा रहनुभएका प्रधानमन्त्री केपी र चिनियाँ पक्षबीच मंगलबार उक्त समझदारी भएको हो।

प्रधानमन्त्री नेतृत्वको प्रतिनिधिमण्डलले मंगलबार चिनियाँ पक्षसँग द्विपक्षीय वार्ता गरेका थिए। मंसिर २० सम्मका लागि त्यहाँ रहने प्रधानमन्त्री ओलीले चिनियाँ राष्ट्रपति सी चिनफिङ र प्रधानमन्त्री ली छ्याङसँगको भेटवार्तामा ९ बुँदे सहमति र समझदारी-पत्रमा हस्ताक्षर भएको छ। मंगलबार भएको सो भेटमा बीआरआई परियोजनाका सन्दर्भमा प्रधानमन्त्री ओलीको प्रस्तावप्रति चीनका राष्ट्रपति सीले सकारात्मकरुपमा लिएको बताइएको छ। राष्ट्रपति सीले प्रधानमन्त्री ओलीलाई बीआरआई कार्यान्वयन गराउन गरेको प्रयासप्रति सकारात्मक हुँदै धन्यवाद व्यक्त गरेको भ्रमण टोलीमा सहभागी नेताहरुले बताएका छन्।

प्रधानमन्त्री ओलीको भ्रमणअघि चीनसँग कस्ता सम्झौता गर्ने, कस्तो नगर्ने भन्नेमा व्यापक बहस भएको थियो। खास गरी बेल्ट एन्ड रोड इनिसिएटिभ (बीआरआई) अन्तर्गत परियोजनाको छनोट र लगानीको मोडालिटीका बारेमा दलगत बहस भए पनि अन्ततः सत्तारुढ दलबीच चिनियाँ पक्षलाई बुझाउने प्रस्तावका बारेमा सहमति गरेर प्रधानमन्त्री चीन जानुभएको र सोही अनुसार चिनियाँ पक्षसँग वार्ता भएको नेकपा एमालेका केन्द्रीय सदस्य विष्णु रिजालले बताउनुभयो। उहाँले नेपाल समाचारपत्रसँग भन्नुभयो-'नेपालका प्रधानमन्त्री र चिनियाँ पक्षबीच धेरै महत्वपूर्ण विषयमा समझदारी भएको छ। नेपालको तर्फबाट गएका प्रस्ताव चिनियाँ पक्षले लिएर अध्ययनकै क्रममा रहेको र बीआरआई अनुदानलगायत विषयमा सकारात्मक धारणा अनउने अपेक्षा गरिएको छ।'

चीन भ्रमणअघि प्रधानमन्त्री ओलीले पूर्वप्रधानमन्त्री र पूर्वपरराष्ट्रमन्त्रीहरुसँग छलफल गर्नुभएको थियो। उक्त छलफलमा कांग्रेसबाहेक प्रायः सबै नेताहरुले बीआरआईमा ऋण स्वीकार गर्न सुझाव दिएका थिए। सत्तारुढ कांग्रेसले बीआरआई परियोजना ऋणमा स्वीकार नगर्ने पक्षमा थियो। भ्रमणअघि नेकपा एमालेले पनि बीआरआई परियोजनामा ऋण नभई अनुदान अस्वीकार गर्ने गरी सहमति गरेको थियो। यद्यपि प्रधानमन्त्री ओली र चिनियाँ पक्षसँग भएको भेटवार्तामा उक्त प्रस्तावले प्रवेश नपाएको बताइएको छ। प्रधानमन्त्रीको भ्रमणले देशको आर्थिक पारवहन र उत्तरी छिमेकी मुलुकसँगको कनेक्टिभिटीमा प्रभाव पार्ने अपेक्षा गरिए पनि यसपटकको भ्रमण सामान्य आर्थिक तथा प्राविधिक सहयोगमा मात्रै सीमित देखिएको राजनीतिक तहमा टिप्पणी भइरहेको छ।

(क्रमशः पृष्ठ ५ मा)



### यस्ता छन् समझदारीका बुँदा

- टोखा-छहरे सुरुङमार्गसम्बन्धी पत्रको आदानप्रदान
- नेपाल-चीन व्यापार अभिवृद्धिसम्बन्धी समझदारी पत्र
- नौतले वसन्तपुर दरबार पुनर्निर्माण सम्पन्नसम्बन्धी प्रमाणपत्र आदानप्रदान
- थर्मल्ली प्रोसेस्ड बफेलो मिट निर्यातसम्बन्धी प्रोटोकल
- विकास योजनासम्बन्धी समझदारी पत्र
- आर्थिक तथा प्राविधिक सहयोगसम्बन्धी समझदारी पत्र
- नगद सहयोगसम्बन्धी पत्र आदानप्रदान
- स्वयंसेवी चिनियाँ भाषा शिक्षकसम्बन्धी समझदारी पत्र
- नेपाल टेलिभिजन र चाइना मिडिया ग्रुपबीच सञ्चार प्रविधिसम्बन्धी समझदारी पत्र

भागवण्डाले अड्कियो नियुक्ति

## कुरा मेरिटोक्रेसीको काम राजनीतिक भागवण्डा

ईश्वरराज ढकाल
काठमाडौं

त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्राडा केशरजंग बरालले त्रिविमा रानजीति भागवण्डा अन्त्य गरी मेरिटोक्रेसिको आधारमा डीन, डाइरेक्टर र क्याम्पसप्रमुख नियुक्ति गर्ने घोषणा गरेर विज्ञापन प्रकाशित गरेको चार महिना पुग्दा पनि कुनै पदमा नियुक्ति हुन सकेको छैन। उपकुलपति प्राडा बरालको लहडका कारण डीन नियुक्तिमा ढिलाइ भएको हो। त्यति मात्रै नभई क्याम्पस प्रमुख, त्रिवि योजना निर्देशनालय र तीन अनुसन्धान केन्द्रको निर्देशकको नियुक्ति पदाधिकारीकै कारण अड्किएको छ।

राजनीतिक भागवण्डाबाट नियुक्ति भएका तीन पदाधिकारीका कारण त्रिविमा मुख्य पद खाली रहेको छ। 'पदाधिकारीले मेरिटोक्रेसीको आधारमा नियुक्ति गर्ने हल्ला चलाएर त्रिविको शैक्षिक अवस्था भद्रगोल पार्न खोजिएको छ' -त्रिवि प्राध्यापक संघका अध्यक्ष वसन्त ढकालले भन्नुभयो। उहाँले राजनीतिक भागवण्डामा नियुक्ति भएका पदाधिकारीले मेरिटोक्रेसीको कुरा गरेर ८ संकायको डीन, १८ क्याम्पस प्रमुख र ४ निर्देशक नियुक्तिलाई गुमराहमा राखेको आरोप लगाउनुभयो। उहाँले भन्नुभयो- 'मेरिटोक्रेसीको कुरा गर्ने पदाधिकारीले सबै पदमा सिफारिस भएका ३-३ जनाको नाम किन सार्वजनिक गर्न सक्दैनन्।' उहाँले आफूहरु राजनीतिक भागवण्डाको आधारमा नियुक्ति भएकाहरुले अन्य पदमा किन राजनीतिमा लागेको व्यक्ति हुनुहुँदैन भनी निर्णय गरेका हुन् भनी पदाधिकारीलाई प्रश्न गर्नुभयो। 'उपकुलपति प्राडा बरालले बाहिर मेरिटोक्रेसीको हौवा फैलाएर भित्रभित्रै राजनीतिक भागवण्डा गरेका छन्' -संघका अध्यक्ष ढकालको आरोप थियो। 'अहिले त पदाधिकारीले के गरिरहेका छन् भने मैले सुनेको कथाजस्तो भएको छ- स्यालले चील आयो चील आयो भनेर हल्ला गर्छन्, मान्छेले त्यतैतिर आँखा लैजाँदा स्यालले घरको चल्ला झ्यापझुप पारेर लैजान्छ अहिले पदाधिकारीले त्रिविमा यस्तै गरिरहेका छन्, हामी मेरिटोक्रेसीको आधारमा नियुक्ति गर्छौं भनी हल्ला फैलाएका छन्, पछि मेरिटोक्रेसी होइन राजनीतिक भागवण्डामा नियुक्ति गरेर हामीलाई बेबकुफ पार्छन्' -उहाँको आरोप थियो। त्रिविका पदाधिकारीले मनोमानी रुपमा नियुक्ति गरे कडा संघर्षमा उत्रने चेतावनी दिँदै उहाँले भन्नुभयो- 'कोको सर्टलिस्टमा परेका छन् तत्काल नाम सार्वजनिक गरियोस्।'

- त्रिवि प्राध्यापक संघको अध्यक्ष ढकालको चेतावनी : नियुक्ति हुने योग्यता पुगेका सबैको नाम सार्वजनिक गर
- रेक्टर प्राडा केसी भन्नुहुन्छ : केही सातामा सबै नियुक्ति भइसक्छन्

पदाधिकारीका कारण १८ क्याम्पस निमित्तको भरमा चलिरहेको छ। ८ वटा डीन रित्त छ, ४ निर्देशक नियुक्ति हुन सकेको छैन। त्रिविका रेक्टर प्राडा खड्ग केसीले ६ जना सहनियन्त्रक नियुक्ति भइसकेको बताउनुभयो। उहाँले भन्नुभयो- 'मधेस प्रादेशिक परीक्षा नियन्त्रण कार्यालय स्थापना गरी जनकपुरमा सहनियन्त्रक नियुक्ति गरेका छौं। त्यसबाहेक कोहलपुर, विराटनगर, पोखरा र काठमाडौंमा २ गरी ६ जना नियुक्ति गरेका छौं। सहपरीक्षा नियन्त्रकमा ६४ जनाले आवेदन दिएका थिए। तीमध्ये १५ जना सर्टलिस्टमा परेका थिए।' हात्तीसार खाद्य क्याम्पस धरान, बागलुङ र पोखरा वन क्याम्पसमा आजसम्म क्याम्पस प्रमुख नियुक्ति भइसक्ने उहाँको भनाइ थियो।

डीन, निर्देशक र १८ क्याम्पस प्रमुख केही दिनभित्र नियुक्ति भइसक्ने जानकारी दिँदै उहाँले भन्नुभयो- 'रातदिन लागेर नियुक्ति गर्ने प्रक्रियामा लागेका छौं, केही साताभित्र सबै पदमा नियुक्ति भइसक्ने छ।' स्रोतका अनुसार धेरै विद्यार्थी संख्या भएका शिक्षा र मानविकी संकायको डीनमा माओवादी निकटका प्राध्यापक नेतालाई डीन बनाउन खोज्दा नियुक्तिमा विलम्ब भएको हो।

उपकुलपतिको बागडोर सम्हालेकै दिन मेरिटोक्रोसीको आधारमा डीन नियुक्ति गर्ने उद्घोष गर्नुभएका उपकुलपति प्राडा बरालले आफ्नै वाचा भुलेर माओवादी निकटका प्राध्यापकलाई डीन बनाउन खोजेपछि समस्या बढेको हो।

(क्रमशः पृष्ठ ५ मा)

## प्रिमियर लिगमा सट्टेबाजी गर्ने चार भारतीय पक्राउ

काठमाडौं, (नेस)

नेपालमा जारी नेपाल प्रिमियर लिगमा सट्टेबाजी गर्ने चार भारतीय नागरिकलाई नेपाल प्रहरीले पक्राउ गरेको छ।

त्रिभुवन अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा जारी क्रिकेट खेलमा सट्टेबाजी गर्ने अन्तर्राष्ट्रिय गिरोह सक्रिय रहेको सूचनाको आधारमा खटिएको नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोले छापा मार्दा ती भारतीय नागरिक पक्राउ परेका हुन्।

ती भारतीय नागरिकले एनपीएल क्रिकेट प्रतियोगितामा स्पोर्ट बाजी, प्रोबोलगायतका अनलाइन बेटिङ एपबाट पैसाको हारजित हुने गरी क्रिकेट मैदानभित्रै सट्टेबाजीका लागि खेल्ने र खेलाउने गरी रहेको अवस्थामा उनीहरुलाई पक्राउ गरी कारबाही अगाडि बढाएको सीआईबीका प्रवक्ता प्रहरी उपरीक्षक होविन्द्र बोगटीले जानकारी दिनुभयो।

नेपालमा जारी एनपीएलमा भारतीय सट्टेबाज गिरोह सक्रिय रहेको भन्ने सूचनाको आधारमा खटिएको प्रहरीको टोलीले उनीहरुलाई पक्राउ गरेको हो। नेपालमा एनपीएलमा सट्टेबाजी गर्ने नेपाली, भारतीय, पाकिस्तानी, बंगलादेशीलगायतका गिरोह सक्रिय रहेको निष्कर्ष सीआईबीले निकालेको हो। सट्टेबाजी गर्ने भारतीय नागरिकमा कोलकत्ताका सुमन घोष, उत्तर प्रदेशका अमित यादव, बिहारका सुमन्त कुमार र ब्रजेश कुमार रहेका छन्।

## विश्वका प्रभावशाली १ सय महिलाको सूचीमा नेपालकी सिलसिला

काठमाडौं, (नेस)

बीबीसीले सन् २०२४ का लागि सार्वजनिक गरेको विश्वका १०० प्रभावशाली महिलाको सूचीमा नेपालकी वातावरण विज्ञ सिलसिला आचार्य पनि पर्न सफल हुनुभएको छ।

बीबीसीले सन् २०२४ का लागि सोमबार प्रकाशित गरेको १०० प्रभावशाली महिलाको सूचीमा अटाउन सफल उहाँले दशकभन्दा लामो समयदेखि जलवायु परिवर्तन, फोहोर व्यवस्थापन र वातावरणीय न्यायको क्षेत्रमा योगदान पुऱ्याउँदै आउनुभएको छ।



(क्रमशः पृष्ठ ५ मा)

## हात्तीको निशानामा परे लालझाडीका १७ घर

### स्थानीयको बिचल्ली, ५० जनाभन्दा बढी स्थानीय खुला आकाशमा

हेमन्त पौडेल, धनगढी

कञ्चनपुरको लालझाडी गाउँपालिका-४ इटाहामा रहेका १७ घर हात्तीले भत्काएपछि स्थानीय बासिन्दाको बिचल्ली भएको छ। इटाहामा रहेका १८ घरमध्ये १७ घर आइतबार राति आएको हात्तीको बथानले भत्काएपछि स्थानीयको बिचल्ली भएको हो।

१७ घरका करिब ५० जना हात्तीले भत्काउनबाट बचेको एक स्थानीयको घरको आँगनमा बस्न बाध्य भएका छन्। घरमा राखेको अन्नपातसमेत हात्तीले नोक्सान गरेपछि भोकभोकै बस्नुपर्ने अवस्था आएको छ। करिब तीन महिनादेखि लालझाडी गाउँपालिकाका बासिन्दाहरु हात्तीको आतंकबाट पीडित भएका छन्।

लालझाडी गाउँपालिकामा हात्तीको आतंकले धनजनको क्षति पुऱ्याएको खबर पाएपछि सुदूरपश्चिम सरकारका भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री वीरबहादुर थापा सोमबार स्थलगत निरीक्षणका लागि लालझाडी गाउँपालिका पुग्नुभएको थियो। लालझाडी-४ को इटाहामा हात्तीले भत्काएका घरहरुको निरीक्षण गर्दै स्थानीयसँग क्षतिको विवरण लिनुभएको मन्त्रीका स्वकीय सचिव राधाकृष्ण जोशीले जानकारी दिनुभयो। रातीको समयमा आएको हात्तीको बथानले बस्ने घर र खाने अन्नमा क्षति पुऱ्याउँदा साँझ नै खाने अन्न नभएपछि मन्त्रीले आफ्नो व्यक्तिगत खर्चमा ४ कट्टा चामल र १० किलो दाल पठाउनुभएको स्वकीय सचिव जोशीले बताउनुभयो।



हालसम्म हात्तीले पुऱ्याएको क्षतिको विवरण संकलन गरेर राहतको व्यवस्थाका लागि प्रदेश सरकारले पहल गर्ने मन्त्री वीरबहादुर थापाले बताउनुभयो। यस बारेमा मुख्यमन्त्री कमलबहादुर शाहसँग पनि छलफल भएको र मंगलबार यस विषयमा मुख्यमन्त्रीसहित सरोकारवाला निकायसँग छलफल गरेर राहतका लागि काम अघि बढाउने मन्त्री थापाको भनाइ छ।

भदौको दोस्रो सातादेखि लालझाडी गाउँपालिकाको विभिन्न वडामा प्रवेश गरेको हात्तीको बथानले धनजनको क्षति पुऱ्याएको छ। भारतको दुदुवा नेसनल पार्कबाट नेपाल प्रवेश गरेको करिब ४०-५० को समूहमा रहेको हात्तीको बथानले लालझाडी क्षेत्रका घरहरु भत्काउनुका साथै खेतीको नोक्सान गरेको छ। लालझाडीका ५० वर्षीय रामदल रानाको हात्ती धपाउने क्रममा आक्रमणबाट मृत्यु भएको छ। कैयौं किसानले पालेका गाईबस्तु र बाख्राहरु मारेको छ।

यति बेला लालझाडी गाउँपालिकाको वडा नम्बर १ देखि ५ सम्म पूरै जनजीवन प्रभावित भएको छ। रातीको समयमा हात्तीको बथान बस्तीमा प्रवेश गरी घर भत्काउने, उखु खान, तोरी र गहुँ माडेर नोक्सान गर्दै आएको गाउँपालिका अध्यक्ष निर्मल रानाले बताउनुभयो। उहाँले हात्तीले गरेको हालसम्मको क्षतिको विवरण तयार गरिरहेको जानकारी दिनुभयो।

## धितोमा रहेको चल/अचल सम्पति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको १५ दिने सूचना

**प्रकाशित मिति : २०८१/०८/१९**

यस रिलायन्स फाईनान्स लिमिटेडवाट कर्जा लिने देहाय बमोजिमको ऋणीले लिनु भएको ऋण कर्जा वापत फाईनान्सलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको रिलायन्स फाईनान्सको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई वित्तीय संस्थाको अनुरोधलाई वेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा वित्तीय संस्थाको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी वित्तीय संस्थाको को लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ ।

धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले संस्थाको केन्द्रिय कार्यालय/सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फाराम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ। बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ । ती शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन् । बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै वित्तीय संस्था खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ। उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नं गराउनु हुन ऋणी, सञ्चालक प्रोप्राइटर, जमानीकर्ता, लगायत ऋणसँग सम्बद्ध सम्बन्धित सम्पूर्ण महानुभावहरुलाई अनुरोध गर्दछौं । अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा वित्तीय संस्था आफैले सकार गर्दा समेत साविकमा वित्तीय संस्थाबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा वित्तीय संस्था आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा फाईनान्स आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन । उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी फाईनान्स आफैले सकार गर्दा समेत वित्तीय संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून, नियम तथा फाईनान्सको कर्जा असुली निर्देशिका अनुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि कालोसूचीमा राखिनुको साथै ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ ।

**शिलबन्दी बोलपत्र आह्वान सूचना प्रकाशित भएको मितिले १६ औं दिनमा सरकारी प्रतिनिधिको रोहवरमा अपरान्ह २:०० बजे संस्थाको केन्द्रीय कार्यालय कमलादी, काठमाडौंमा खोलिनेछ ।**

**शाखा कार्यालयः न्यूरोड, काठमाडौं**

| ऋणीको विवरण | धितोको विवरण | व्यक्तिगत धन जमानी दिनेको विवरण | |
|---|---|---|---|
| १ **नामः रियान्सि ट्रेड लिंक**<br>ठेगानाः घट्टेकुलो-२९, काठमाण्डौ<br>र.नं: ३-३५-३८२-१५५७१९/२०७७/७८<br>**स्थायी लेखा नं. १००५२३५०८** | यस संस्थाको नाममा धनी कायम भई ऋणी **रमेश दास**को नाममा दर्ता रहेको महोत्तरी जिल्ला, १५ नं. बहादुरगञ्ज वडा नं.०६ स्थित कित्ता नं. १८६ को क्षेत्रफल १-३-१२.५-० (बिघा) ८०००.३६ वर्ग.मि को जग्गा तथा सो ले चर्चेको सम्पुर्ण लिगलगापात समेत र महोत्तरी जिल्ला, १५ नं. बहादुर गञ्ज वडा नं.०६ स्थित कित्ता नं. १७३ को क्षेत्रफल १-२-० (बिघा) (७४५०.०७) वर्ग.मि को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | **नाम : रमेस दास**<br>ठेगाना : राजबिराज-०४,सप्तरी ।<br>हालः घट्टेकुलो-२९,काठमाण्डौ ।<br>वुवा : रघुनाथ दास<br>बाजे : तेज नारायण दास | **नाम : बिन्जु अधिकारी (दास)**<br>ठेगानाः बिराटनगर-०३,मोरङ्ग ।<br>हालः घट्टेकुलो-२९,काठमाण्डौ ।<br>बुबाः डेक बहादुर अधिकारी<br>बाजेः भाव प्रसाद अधिकारी |

**RELIANCE FINANCE LIMITED**
**रिलायन्स फाइनान्स लिमिटेड**
(नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको वितीय संस्था)

**Head Office:** Reliance Bhawan,Kamaladi, Kathmandu
Tel: +977–1–5361104, 5323117, 5361041, 5361167
Email: info@reliancenepal.com.np
Web: www.reliancenepal.com.np

**वित्तीय सेवाको अर्को परिभाषा**

## बैंकको कर्जा सुरक्षणवापत बैंकको नाममा रहेका सवारी साधन बुझाउने सम्बन्धी सूचना

**प्रकाशित मितिः २०८१/०८/१९ गतेको नेपाल समाचारपत्र राष्ट्रिय दैनिक**

यस एनएमबि बैंक लि. बाट तपसिलमा उल्लेखित ऋणीहरुले सवारी साधन कर्जा शिर्षक अन्तर्गत लिएको कर्जाको तोकिएको सययमा बुझाउनु पर्ने साँवा तथा व्याज लगायतका रकम तिर्नका लागि ऋणीहरुलाई पटक पटक मौखिक, लिखित तरताकेता गरेको तथा कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरी अनुरोध गर्दा समेत कर्जा चुक्ता नगरेकाले यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्रमा कर्जा रकम चुक्ता गर्न वा धितोमा रहेको तपसीलमा उल्लेखित सवारी साधन बैंकमा बुझाई दिनुहुन अनुरोध गर्दछौं । उपरोक्त तोकिएको म्याद भित्र बैंकलाई उल्लेखित सवारी साधन बुझाउनु नभएमा कानून बमोजिम प्रक्रिया अगाडी बढाईने व्यहोरा यसै सूचनाबाट सूचित गराउदँछौ ।

तपसिलमा उल्लेखित सवारी साधनहरु ऋणी वाहेक अन्य कसैको नियन्त्रणमा रहे भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र बैंकको कुनै पनि शाखा कार्यालयमा बुझाई दिनुहुन अनुरोध गर्दछौं । उल्लेखित सवारी साधनहरु कसैले अनाधिकृत रुपमा नियन्त्रणमा राखेको देखिएमा कानून बमोजिम आवश्यक कारवाही चलाईने व्यहोरा यसै सूचना मार्फत सम्बन्धित सबैलाई सूचित गरिन्छ । साथै उल्लेखित सवारी साधन सम्बन्धमा कोहि कसैलाई जानकारी भएमा समेत यस बैंकको कुनै पनि शाखा कार्यालयमा जानकारी गराई दिनुहुन अनुरोध गर्दछौं ।

**तपसिल**

**ऋणी, व्यक्तिगत जमानतकर्ताहरु र सवारीसाधनको विवरणः**

**१. ऋणीको नामः कालिका फर्मा सप्लायर्स**
(नेपाल सरकार, बाणिज्य तथा आपूर्ति मन्त्रालय, बाणिज्य बिभागमा दर्ता रहेको) दर्ता नं.: ५४६/११८२६/११/२८, दर्ता मितिः २०७५/११/२८, स्थायी लेखा नं.: ६०९३५५२४२, ठेगानाः झापा जिल्ला, बिर्तामोड न.पा., वडा नं. ४ ।

**प्रोप्राईटरः**
**ईश्वरी अधिकारीः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ४२३१२१९ (२०५१/०८/२५/झापा), बाबुको नामः राम बहादुर अधिकारी, ससुराको नामः गणेश प्रसाद वस्नेत, पतिको नामः नरेन्द्र वस्नेत, ठेगानाः झापा जिल्ला, जुरोपानी गा.वि.स., वडा नं. ५ स्थायी ठेगाना भई हाल झापा जिल्ला, दमक न.पा. वडा नं. ६ ।

**व्यक्तिगत जमानतकर्ताः**
**नरेन्द्र वस्नेतः** ना.प्र.प.नं. (जारी मिति/स्थानः १७२७३ (२०५०/१०/०१/झापा), बाजेको नामः लाल बहादुर वस्नेत, बाबुको नामः गणेश प्रसाद वस्नेत, ठेगानाः कैलाली जिल्ला, धनगढी उ.म.न.पा. वडा नं. ४ स्थायी ठेगाना भई हाल झापा जिल्ला, दमक न.पा. वडा नं. ६ ।

**धितो लेखिदिएको सम्पत्तिको विवरणः**
धनी एनएमबि बैंक लि./ऋणी **कालिका फर्मा सप्लायर्स**को नाममा बिर्तामोड, झापा यातायात व्यवस्था कार्यालयमा दर्ता कायम रहेको निम्नानुसारको सवारीसाधनः

**सवारीसाधनको विवरणः**
कम्पनीः FORD. INDIA, मोडलः ECOSPORT 1.5 TIT, सवारी दर्ता नं.: प्रदेश ०१-००१ च ७८७९, बनेको सालः 2020, च्यासिस नं.: MAJAXXMRKALL57749, इन्जिन नं.: LL57749

**२. ऋणीको नामः मिलिमा निर्माण सेवा प्रा. लि.**
(नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता रहेको) दर्ता नं.: १८६६१६/०७४/०७५, दर्ता मितिः २०७४/१२/१५, स्थायी लेखा नं.: ६०६७४५९०१, ठेगानाः मोरङ्ग जिल्ला, उर्लाबारी न.पा., वडा नं. २ ।

**शेयरधनीः**
**मिलन श्रेष्ठः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ०५२०४९-११७४ (२०६६/१०/१८/मोरङ्ग), बाजेको नामः चन्द्र बहादुर श्रेष्ठ, बाबुको नामः तुलसी श्रेष्ठ, ठेगानाः मोरङ्ग जिल्ला, राजघाट गा.वि.स., वडा नं. १ स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला, उर्लाबारी न.पा., वडा नं. ८ ।

**व्यक्तिगत जमानतकर्ताहरुः**
**क. एलिशा राना मगर श्रेष्ठः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ०५-०२-७४-०४४६७ (२०७४/०५/२९/मोरङ्ग), बाबुको नामः बाल कृष्ण मगर, ससुराको नामः तुलसी श्रेष्ठ, पतिको नामः मिलन श्रेष्ठ, ठेगानाः मोरङ्ग जिल्ला, उर्लाबारी न.पा., वडा नं. ८ ।
**ख. तुलसी श्रेष्ठः** ना.प्र.प.नं. (जारी मिति/स्थान): २८६३ (२०४२/१२/२७/ मोरङ्ग), बाजेको नामः धन बहादुर श्रेष्ठ, बाबुको नामः चन्द्र बहादुर श्रेष्ठ, ठेगानाः मोरङ्ग जिल्ला, राजघाट गा.वि.स., वडा नं. १ स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला, उर्लाबारी न.पा., वडा नं. ८ ।
**ग. डम्बर कुमारी श्रेष्ठः** ना.प्र.प.नं. (जारी मिति/स्थान): १०६०५/४३ (२०४६/०३/१४/मोरङ्ग), बाबुको नामः केदार प्रसाद श्रेष्ठ, ससुराको नामः चन्द्र बहादुर श्रेष्ठ, पतिको नामः तुलसी श्रेष्ठ, ठेगानाः मोरङ्ग जिल्ला, राजघाट गा.वि.स., वडा नं. १ स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला, उर्लाबारी न.पा., वडा नं. ८ ।

**धितो लेखिदिएको सम्पत्तिको विवरणः**
धनी एनएमबि बैंक लि./ऋणी **मिलिमा निर्माण सेवा प्रा. लि.** को नाममा प्रदेश-३ यातायात व्यवस्था कार्यालयमा दर्ता कायम रहेको निम्नानुसारको सवारीसाधनः

**सवारीसाधनको विवरणः**
कम्पनीः ISUZU MOTORS, मोडलः S–Cab, सवारी दर्ता नं.: प्रदेश ३-०१-०२३ च ८१३३, बनेको सालः 2019, च्यासिस नं.: M3GTFR54JKB000264, इन्जिन नं.: A1X131

**३. ऋणीको नामः आम नेपाली मिडिया प्रा.लि.**
(नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता रहेको) दर्ता नं.: २४५०८६/०७७/०७८, दर्ता मितिः २०७७/०६/२७, स्थायी लेखा नं.: ६०९८२८१७३, ठेगानाः काठमाडौ जिल्ला, का.म.न.पा., वडा नं. १०, नयाँ बानेश्वर ।

**संचालक तथा व्यक्तिगत जमानतकर्ताहरूः**
**क. राज कुमार हुमागाईः** ना.प्र.प.नं. (जारी मिति/स्थान): १०८०५१ (२०५९/०१/१६/काभ्रेपलाञ्चोक), बाजेको नामः जय नारायण हुमागाई, बाबुको नामः दुर्गाप्रसाद हुमागाई, ठेगानाः काभ्रे जिल्ला, च्याम्राङ्गबेसी गा.वि.स., वडा नं. ३ परिवर्तित काभ्रे जिल्ला, बेथानचोक गा.पा., वडा नं. १ ।
**ख. रिता बस्नेतः** ना.प्र.प.नं. (जारी मिति/स्थान): २२१० (२०५०/०३/०२/भक्तपुर), बाजेको नामः बलराम बस्नेत, बाबुको नामः रोशन बस्नेत, ठेगानाः भक्तपुर जिल्ला, सिपाडोल गा.वि.स., वडा नं. २ ।

**धितो लेखिदिएको सम्पत्तिको विवरणः**
धनी एनएमबि बैंक लि./ऋणी **आम नेपाली मिडिया प्रा.लि.** को नाममा बागमती प्रदेश यातायात व्यवस्था कार्यालयमा दर्ता कायम रहेको निम्नानुसारको सवारीसाधनः

**सवारीसाधनको विवरणः**
कम्पनीः रेनोल्ट इण्डिया, मोडलः Kiger RXT (प्रा. कार), सवारी दर्ता नं.: बागमती प्रदेश-०१-०२५ च ६०२३, बनेको सालः 2021, च्यासिस नं.: MEEHBC004M5011509, इन्जिन नं.: E071114

**४. ऋणीको नामः एस.एम. फूड्स एण्ड ट्रेडिङ प्रा.लि.**
(नेपाल सरकार, उद्दोग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता रहेको) दर्ता नं.: १७२२३२/०७४/०७५, दर्ता मिति : २०७४/०४/१८, स्थायी लेखा नं.: ६०५९१३२९५, ठेगानाः काठमाडौ जिल्ला, का.म.न.पा., वडा नं. ३२ ।

**संचालक/शेयरधनी तथा व्यक्तिगत जमानतकर्ताः**
**शंकर साहः** ना.प्र.प.नं. (जारी मिति/स्थान): १५१०९०/१६६६७ (२०६८/०७/१७/सिराहा), बाजेको नामः राजेश्वर शाहु सुडी, बाबुको नामः मोहन साहु सुडी, ठेगानाः सिरहा जिल्ला, रामनगर मिर्चैया गा.वि.स/ न.पा. वडा नं. ३ ।

**व्यक्तिगत जमानतकर्ताहरुः**
**क. सिता कुमारीः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ९९५०४८०८ (२०४५/०२/२७/धनुषा), बाबुको नामः रेजी महतो सुडी, ससुराको नामः राजेश्वर शाह, पतिको नामः मोहन साहु सुडी, ठेगाना. धनुषा जिल्ला, यग्यभुमी गा.वि.स., वडा नं. ९ ।
**ख. मोहन साहु सुडीः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ९२७ (२०४४/१०/२९/सिरहा), बाजेको नामः दुखी साहु सुडी, बाबुको नामः राजेश्वर शाहु सुडी, ठेगानाः सिरहा जिल्ला, रामनगर गा.वि.स/न.पा. वडा नं. १ ।

**धितो लेखिदिएको सम्पत्तिको विवरणः**
धनी एनएमबि बैंक लि./ऋणी **एस.एम. फूड्स एण्ड ट्रेडिङ प्रा.लि.** को नाममा बाग्मती प्रदेश यातायात व्यवस्था कार्यालयमा दर्ता कायम रहेको निम्नानुसारको सवारीसाधनः

**सवारीसाधनको विवरणः**
कम्पनीः Ford India, मोडलः Ecosport 1.5L, प्रा. जिप, सवारी दर्ता नं.: प्रदेश ३ -०१ ०२२ च ५०६७, बनेको सालः २०१९, च्यासिस नं.: MAJAXXMRKA–KT20544, इन्जिन नं.:KT20544

**NMB BANK**
**एनएमबि बैंक**
समृद्ध नेपालको लागि

A JOINT VENTURE WITH FMO Entrepreneurial Development Bank The Netherlands

Member of : Global Alliance for Banking on Values

**एनएमबि बैंक लिमिटेड**
कर्जा असुली विभाग, नक्साल, काठमाण्डौं
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७, ९८५११३९४१९

## प्रोफेशनल बचत तथा ऋण सहकारी संस्था लिमिटेड

प्रयागमार्ग, मिनभवन, काठमाडौ
फोन.नं.०१ -४६२०४३३ /०१-४६२०४८८

## कर्जा ऋण चुक्ता भुक्तान गर्ने सम्वन्धी ३५ दिने सूचना

**(प्रकाशित मिति २०८१।०८।१९ गते)**

यस सहकारी संस्थाबाट तपसिलमा उल्लेखित चल, अचल सम्पति कर्जा सुरक्षण वापत धितो राखि तपसिलका ऋणीहरुले लिनु भएको ऋण कर्जाको सावाँ, व्याज, लगायतका अन्य रकम यस संस्थासँगको शर्त कबुलियत बमोजिम तिर्न बुझाउन पर्नेमा सो नतिरि नबुझाई ऋण कर्जा सम्बन्धि शर्त बन्देज उल्लंघन गर्नु भएकोले कर्जा चुक्ता भुक्तानी गर्न अनुरोध गरि पटक पटक मौखित तथा लिखित तरताकेता पत्राचार गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्था गर्नु भएकोले सहकारी ऐन २०७४ को दफा ७९ र ८३ तथा सहकारी नियमावली २०७५ को नियम ३० बमोजिम ऋणकर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतीस) दिन भित्र तपसिलका ऋणीले अबिलम्ब यस सहकारीमा सम्पर्क राखी उक्त ऋण कर्जाको सम्पुर्ण बाँकी सावा ब्याज हर्जना समेत कर्जा रकम एकमुष्ट चुक्ता भुक्तानी गरि गराई सुरक्षणमा राखिएको धितोको सम्पतिको संरक्षण गर्नु हुन भनी यो सूचना प्रकाशित गरिएको छ । तोकिएको समयमा सावा ब्याज हर्जना समेत नतिरे नबुझाएमा तपशिलमा उल्लेखित धितो सुरक्षणको घर जग्गा लिलाम बिक्री वा सकार गरि कर्जा रकम अशुल उपर गरिने ब्यहोरा समेत जानकारी गराईन्छ ।

**ऋणी तथा धितोको विवरण**

| सि.नं. | ऋणीको विवरण | जमानीकर्ताको विवरण |
|---|---|---|
| १. | **क)** ऋणीको नामः हरेराम चौलागाँई<br>बाबु: नन्दि केशर चौलागाँई<br>बाजे : श्रीबिलाश चौलागाँई<br>ना.प्र.प.न. : ३३२३ रामेछाप<br>**ख)** ऋणीको नामः शारदा लामिछाने<br>बाबु: भरत प्रसाद लामिछाने<br>बाजे : छबिलाल लामिछाने<br>ना.प्र.प.न. : २०२३ नुवाकोट<br>**ग)** ऋणीको नामः केदार प्रसाद लुईटेल<br>बाबु: मोतिलाल लुईटेल<br>बाजे : लक्ष्मण प्रसाद लुईटेल<br>ना.प्र.प.न. : १२७३७ काभ्रे<br>**घ)** ऋणीको नामः बिमला चौलागाँई लुईटेल<br>बाबु: अम्बिका प्रसाद चौलागाँई<br>बाजे : बुद्धिनाथ चौलागाँई<br>ना.प्र.प.न. : २४४४३ काभ्रे<br>ठेगानाः- का.म.न.पा. ३१, काठमाण्डौ | नाम : केदार प्रसाद लुईटेल<br>बाबु: मोतिलाल लुईटेल<br>बाजे : लक्ष्मण प्रसाद लुईटेल<br>ना.प्र.प.न. : १२७३७ काभ्रे<br>ठेगानाः- का.म.न.पा. ३१, काठमाण्डौ<br>धितोको विवरण : केदार प्रसाद लुईटेलको नाममा श्रेस्ता कायम रहेको ललितपुर जिल्ला साविक ललितपुर म.न.पा. वडा न. ६ क स्थित कि.न. १२०० को क्षेत्रफल ०-७-१-० रोपनी जग्गा र सो मा बनेका सम्पुर्ण संरचनाहरु । |
| २. | **क)** ऋणीको नामः मोहन प्रसाद बास्तोला<br>बाबु: नरनाथ बास्तोला<br>बाजे : टिकाराम बास्तोला<br>ना.प्र.प.न.: १३०८६।१९९५१।१७९५१ सुनसरी<br>ठेगानाः मधुबन ७, सुनसरी<br>हालः काठमाण्डौं ३५ | नाम : अचुत बास्तोला<br>बाबु: मोहन प्रसाद बास्तोला<br>बाजेः नरनाथ बास्तोला<br>ठेगानाः का.म.न.पा.३, काठमाण्डौ<br>ना.प्र.प.न : २७-०१-७३-०३६०५, काठमाण्डौ<br>धितोको विवरणः मोहन प्रसाद बास्तोलाको नाममा श्रेस्ता कायम रहेको मोरङ्ग जिल्ला साविक केराबारी ३ च स्थित कि.न. १७ र १८ को क्षेत्रफल ०-१०-० र ०-१०-० बिगाह जग्गा र सो मा बनेका सम्पुर्ण संरचनाहरु । |
| ३. | **क)** ऋणीको नामः शिवराम श्रेष्ठ<br>बाबु: पुर्ण बहादुर श्रेष्ठ<br>बाजे : मान बहादुर श्रेष्ठ<br>ना.प्र.प.न. : १०१७/९८९९५, काठमाण्डौं<br>**ख)** ऋणीको नामः संगिता श्रेष्ठ<br>बाबु: कृष्ण प्रसाद श्रेष्ठ<br>पति : शिवराम श्रेष्ठ<br>ना.प्र.प.न. : ३०१३/४४, काठमाण्डौं<br>ठेगानाः- **साविक बालुवा गा.वि.स. वडा न. ९, हाल गोकर्णेश्वर ३, काठमाण्डौं** | नाम : पुर्ण बहादुर श्रेष्ठ<br>बाबु: मान बहादुर श्रेष्ठ<br>बाजे : नर बहादुर श्रेष्ठ<br>ना.प्र.प.न. : ६०८५, काठमाण्डौं<br>ठेगानाः- **साविक बालुवा गा.वि.स. वडा न. ९, हाल गोकर्णेश्वर ३, काठमाण्डौं**<br>धितोको विवरण : पुर्ण बहादुर श्रेष्ठको नाममा श्रेस्ता कायम रहेको काठमाण्डौं जिल्ला साविक बालुवा ९ हाल गोकर्णेश्वर ३, काठमाण्डौं स्थित कि.न. ७४१ र ७३८ को क्षेत्रफल क्रमस १५८.९५, १७५०.७४ ब.मि. जग्गा र सो मा बनेका सम्पुर्ण संरचनाहरु । |
| ४. | ऋणीको नामः भरत बहादुर राउत<br>बाबु: कृष्ण बहादुर राउत<br>बाजे : भक्त बहादुर राउत<br>ना.प्र.प.न. : ५६४३।०२४ काभ्रे<br>ठेगानाः- महेन्द्रज्योती ८, काभ्रे | नाम : भरत बहादुर राउत<br>बाबु: कृष्ण बहादुर राउत<br>बाजे : भक्त बहादुर राउत<br>ना.प्र.प.न. : ५६४३।०२४ काभ्रे<br>धितोको विवरण : भरत बहादुर राउतको नाममा श्रेस्ता कायम रहेको काभ्रे जिल्ला साविक महेन्द्रज्योती ८ हाल बनेपा १२, काभ्रे स्थित कि.न. ५६५, ५६७ र १०८ को क्षेत्रफल क्रमस १-६-१-१, ०-८-०-१ र १-११-१-३ रोपनी जग्गा र सो मा बनेका सम्पुर्ण संरचनाहरु । |

## पत्रकार महासंघमा ताला

हेटौंडा, (नेस)

नेपाल पत्रकार महासंघको सदस्यता शुद्धीकरण तथा वितरण प्रक्रियामा देखिएको विवादले मकवानपुरमा चर्को रूप लिएको छ। प्रेस चौतारी नेपाल मकवानपुरले पत्रकार महासंघ कार्यालयमा तालाबन्दी गर्दै आपत्ति जनाएको हो।

प्रेस चौतारीले महासंघले सक्रिय पत्रकारहरूलाई सदस्यता प्रदान नगरी फर्जी व्यक्तिहरूलाई सदस्यता दिएको आरोप लगाएको छ। संस्थाका पदाधिकारीहरूले गलत मनशसायसाथ क्रियाशील पत्रकारहरूलाई सदस्यता प्रक्रियाबाट बाहिर राखेको भन्दै आपत्ति जनाएको हो। पत्रकार महासंघको सदस्यता वितरणमा समानता र पारदर्शिता अभाव रहेको प्रेस चौतारीको दाबी छ।

'एकै प्रकृतिका व्यक्तिहरूलाई सदस्यता दिने तर सोही प्रकृतिका अन्य सक्रिय पत्रकारलाई वञ्चित गरिने कार्य हामीलाई स्वीकार्य छैन।' -प्रेस चौतारीद्वारा जारी विज्ञप्तिमा उल्लेख छ। प्रेस चौतारीले फर्जी पत्रकारहरूको सदस्यता खारेज गर्न र वञ्चित गरिएका पत्रकारहरूलाई तत्काल सदस्यता दिन माग गरेको छ।

प्रेस चौतारीले यथास्थितिमा कुनै पनि तहको निर्वाचन नगर्न चेतावनी पनि दिएको छ। 'सदस्यता विवाद समाधान नगरी निर्वाचन प्रक्रिया अघि बढाइए त्यसले उत्पन्न हुने घटनाको जिम्मेवारी महासंघले लिनुपर्नेछ।' -पत्रमा उल्लेख गरिएको छ। प्रेस चौतारीले महासंघको कार्यालयमा तालाबन्दी गरेको जानकारी गराउँदै विवाद समाधान नभएसम्म तालाबन्द जारी राख्ने बताएको छ।

प्रेस चौतारी नेपाल केन्द्रीय कमिटी र वागमती प्रदेश कमिटीलाई समेत समस्या समाधानका लागि दबाब दिन आग्रह गरिएको छ। नेपाल पत्रकार महासंघ मकवानपुरले यसबारे आधिकारिक प्रतिक्रिया दिएको छैन। सदस्यता विवादले पत्रकार महासंघको आगामी निर्वाचनलाई चुनौती दिने देखिएको छ।

**मोटरसाइकल हराएको सूचना**

मिति २०८१/०७/२९ गते वागमति प्रदेश ०२/०४८ प २८८८ नम्वरको कालो रंगको टि भिएस अपाची आरटीआर 160 4V ABS BSVI SE को मोटरसाइकल काठमाण्डौ महानगरपालिका वडा नं १७ क्षेत्रपाटी चोक नजिक गणेश गल्लीबाट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु अनुरोध गर्दछु ।
सवारी धनीको नाम : **अजय कुमार जैसवाल**
ठेगाना : रौतहत, गौर नगरपालिका वडा नं १
इन्जिन नं : GE5NP2403860
च्यासिस नं : MD637GE50P2N03783
सवारी धनीको सम्पर्क नं ९८४३६५३९५३

## Sinja Rural Municipality
## Office of the Rural Municipal Executive

Narakot, Jumla
Karnali,Province,Nepal

## Request For Quotation
FOR
## HIRING A FIRM FOR SKILLS DEVELOPMENT TRAINING

**(Date of Second Publication: B.S. 2081/08/18(2024/12/03)**

1. The Ministry of Labor, Employment and Social Security (MoLESS), Prime Minister Employment Program (PMEP) has received financing from the International Development Association (IDA) toward the cost of Youth Employment Transformation Initiative (YETI) Project. Sinja Rural Municipality,Jumla District has received fund on conditional grant through fiscal transfer from the YETI Project and intends to apply part of the proceeds toward payments under the contract for ***Hiring a Firm for Skills Development Training in*** **Sinja Rural Municipality.**
2. A firm will be selected through an open competitive process under the procedures "as specified in the Project Operations Manual of YETI Project from Request for Quotation (RFQ)
3. Sinja Rural Municipality, Jumla District invites quotation from the qualified firms. The brief description of the procurement is as follows.


| S.N. | Description | Estimated Amount (With out Vat) | RFQ Document fee (non-refundable) | Deadline of RFQ-document purchase | RFQ submission deadline (Date and Time) | RFQ-Opening Date and Time |
|---|---|---|---|---|---|---|
| 1 | Hiring a Firm for Skills Development Training in Sinja Rural Muncipality (SINJA/ PMEP/YETI/01/2081/082) | 890400 | 1000 | 2081/08/23 03:00 PM | 2081/08/24 01:00 PM | 2081/08/24 03:00 PM |

4. Bidder Should deposit the cost of bidding document in the office revenue account
   **Bank Name : Nabil Bank Ltd.**
   **Branch : SINJA**
   **Account Holder Name : SINJA GA.PA 1.1 AANTARIK RAJASWA**
   **Account Number: 21001017500029**
5. The details of the service requirements, eligibility and qualifications required is found in terms of reference (Annex-1).
6. Qualified service providers experience and registered in the same district will get advantage.
7. In case of last date for purchasing, submission and opening of RFQs falls on a Government Holiday, the next working day shall be considered the last day. In such a case, the RFQ validity shall be recognized from the original RFQ submission deadline.
8. The Sinja Rural Municipality reserves the right to accept or reject any RFQ and to annul the procurement process and reject all RFQs at any time prior to Contract Award, without thereby incurring any liability to Bidders/Applicants.
9. For Quotation Document and other information please visit www.sinjamun.gov.np or consult to the Sinja Rural Muncipality Narakot Jumla .

## फिल्म फेयर ओटीटी अवार्डसमा

# मनीषा सर्वोत्कृष्ट





हाले मुम्बईमा सम्पन्न *पाचौँ फिल्म फेयर ओटीटी अवार्ड्स*मा नेपाली चेली एवम् बलिउड *अभिनेत्री मनीषा कोइरालाले* *वेब* सिरिज *हिरामण्डी*बाट *सर्वोत्कृष्ट अभिनेत्री*को अवार्ड चुमेकी छिन्।

*खो गए हम*बाट अर्जून वरैन सिंहलाई विशेष सम्मान प्रदान गरिएको समारोहमा *ओटीटी फिल्म अमरसिंह चमकिला*ले सर्वोत्कृष्ट फिल्म, कथा, पटकथा र संवादको अवार्ड चुम्दा सोही फिल्मबाट ईम्तियाज अलिले *निर्देशक* र दिलजित दोसाँझले *अभिनेता*, एआर रहमानले *पार्श्व संगीत* र *गीत*, सिल्वेस्टर फोसीन्काले *छायाँकार* र आरती बजाजले *सम्पादन* गरी सर्वाधिक १० अवार्ड चुमेको छ। *नन फिक्शन फिल्म*तर्फ *द हन्ट फर विरप्पन* उत्कृष्ट भएको छ भने *जाने जान*बाट अभिनेत्री करिना कपुरले *वेब ओरिजिनल फिल्म महिला कलाकार*को अवार्ड चुमेकी छिन्। *द रेलवे म्यान सर्वोत्कृष्ट सिरिज* र यसै सिरिजबाट शिव रवैलले *नव निर्देशक*, *कालापानी*बाट समीर सक्सेना र अमित खोलानीले *निर्देशक* एवं विश्वपति सरकारले *कहानी*, *स्क्याम : द तेलगी स्टोरी*बाट गगन देव रियारले *अभिनेता*, *गन्स एण्ड रोजेज*बाट राजकुमार रावल *हास्य अभिनेता* र सुमित अरोडाले *संवाद*, *गुल्लक सिजन ४* बाट गीताञ्जली कुलकर्णीले *हास्य अभिनेत्री*, *पञ्चायत सजन ५* बाट फैसल मलिकले *हास्य सह अभिनेता*, कमेडी सिरिज *मामला लिगल हेले* र यसैबाट निधि विष्टले *हास्य सह अभिनेत्री*, *महाराज*बाट जयदीप अहलावतले *सह अभिनेता*, *मेड इन हेभन सिजन २* बाट मोना सिंह र *खुफिया*बाट वामिक गब्बीले *सहायक अभिनेत्री* र *द आरचिज*बाट सुजैन कैपलान मेरवानजीले *प्रोडक्शन डिजाइनर*को अवार्ड चुमे।

त्यस्तै *खो गए हम कहाँ*बाट अर्जून वरैन सिंहले *नव निर्देशक*को अवार्ड चुम्दा जोया अख्तर अर्जुन वरैन र रीमा कागतीले *कहानी* तथा वेदाङ्ग रैनाले *नव अभिनेता*को अवार्ड चुमे। *क्रिटिक्स अवार्ड*तर्फ भने *जाने जान सर्वोत्कृष्ट फिल्म*, जयदीप अहलावत *अभिनेता* र अनन्या पाण्डेले *अभिनेत्री*को अवार्ड चुमे। *रगन एण्ड रोजजे सर्वोत्कृष्ट सिरिज* बन्दा *मुम्बई डायरिज ३* ले *निर्देशक*, *बाम्बे मेरी जान*बाट केके मेननले *अभिनेता* र *महारानी सिजन ३* बाट हुमा कुरौशीले *अभिनेत्री*को अवार्ड चुमे।

## अयुमीको आफैंलाई सार्वजनिक



गायिका अयूमी तामाङको *आफैंलाई* बोलको आधुनिक पप गीत भिडियोसहित सार्वजनिक गरिएको छ।

अयूमीकै शव्द रचना, संगीत र स्वर रहेको गीतको भिडियोमा उनी स्वयम र उदयीमान अभिनेता कुङसाङ बमजनले अभिनय गरेका छन्। भिडियोमा काठमाडौं र ललितपुर वरपर तामाङ बस्ती र संस्कृतिसम्बन्धी दृश्यका अतिरिक्त आधुनिकतातर्फ लम्किरहेको जीवन परिवेशलाई समेत समावेश गरिएको छ। गीतको भिडियोमा युवा युवती गहिरो माया प्रेममा डुब्नुअघि पहिले आफूलाई अनि एक-अर्कालाई बुझ्नु पर्छ भन्ने सन्देश दिन खोजिएको छ।

गीत भिडियो सार्वजनिक कार्यक्रममा अयुमी पिता गीतकार डा. आशबहादुर तामाङले नेपाली लोक संस्कृति सवै गीत संगीतको आधार भएकाले कुनै श्रष्टाले आफनो देश, वेशभूषा, भाषा र संस्कृति भूल्न नहुने सुझाव दिए।

अयुमीका बाजे/बजु चन्द्रबहादुर र धनमाया प्रख्यात लोक गायक/गायिका थिए भने पिता डा. आशबहादुर तामाङ र माता हेमा पनि लोक श्रष्टाको परिचय बनाउन सफल छन्। अयुमीका हजुरआमा धनमायाले ७२ बर्षको उमेरमा गण्डकी प्रदेशमा प्रचलित ठेट, ठाडो तथा ढिला भाकाका दाईं गीतजस्ता लोपोन्मुख गीत रेकर्ड गरी एल्वम सार्वजनिक गरेकी थिइन्। त्यसैगरी पिता डा. आशबहादुरको रचना र संगीतमा तामाङ सेलो *ओई सोल्टीनी* गत बर्ष सार्वजनिक भएको थियो।

## गोविन्द र शान्तिश्रीले ल्याए निरिमयाको

गायक गायिका गोविन्द मधुर आचार्य र शान्तिश्री परियारको स्वरमा *निरिमयाको* बोलको गीत हालै सार्वजनिक गरिएको छ।

गीत तपस्या इन्टरटेनमेन्टको युट्युब च्यानलबाट सार्वजनिक गरिएको हो। गीतमा ऋषि खड्काको संगीत र किस्ना आचार्य रोशनीको शब्द रचना रहेको छ।



गीतको भिडियो मौसम हिमालीले निर्देशन गरेका छन्। भिडियोमा राजेश घिमिरेको छायाँकन, र विकास ज्ञवालीको सम्पादन रहेको छ भने विमल अधिकारी र साया भण्डारीले अभिनय र नृत्य गरेका छन्।

*एउटा गुन छ कसैले नलाको*
*पासो काटी बचाइथेउ गलाको*
*निरिमयाको धन तिर्न त यस्तै भो*
*यो जुनी मर्न मन छ एउटा गुन तिरी मयाको।*

गीतमा प्रेम वियोगमा छटपटाइरहेको असल साथीलाई केटी साथीले सम्झाउँदै भनेकी छन्।


## गोप्य शिलवन्दी बोलपत्रद्धारा धितो लिलाम बिक्री सम्वन्धि ३५ दिने अत्यन्त जरुरी सूचना

**प्रथम पटक प्रकाशित : २०८१/०८/१९ गते**
**सूचना नं : ५७-०८१/०८२**

यस संघबाट तपशिलमा उल्लेखित ऋणी संस्था एवं धितो जमानीकर्ताले उपभोग गरेको कर्जाको सांवा, ब्याज र हर्जाना रकम तिर्न बुझाउन पर्नेमा हालसम्म नबुझाई कर्जा सम्बन्धि शर्त तथा बन्देजहरु उल्लंघन गरेकाले सो सम्बन्धमा मौखिक तथा लिखित पत्रद्धारा सूचना गर्दा समेत तिर्न बुझाउन पर्ने कर्जाको सांवा, ब्याज, हर्जाना तथा अन्य दैदस्तुरको रकम समेत चुक्ता भुक्तानी नगरी बाँकी रहेको हुनाले यो धितो लिलाम बिक्री सम्बन्धी ३५ दिने सूचना प्रकाशित गरीएको छ । अतः उल्लेखित म्याद भित्र तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पत्ती लिलाम बिक्रीमा सहभागी हुन र बोलपत्र खरिद गरी लिन इच्छुक संघ, संस्था, फर्म, कम्पनी तथा सर्बसाधारण महानुभावहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफुले कबोल गरेको रकम सहितको बोलपत्र पेश गर्नु हुन एवं ऋणी संस्था तथा धितो जमानीकर्ताले संघको लेना रकम ३५ दिन भित्र चुक्ता गर्नुहुन समेत अनुरोध गर्दछौं । अन्यथा सूचना प्रकाशित भएको ३६ औ दिनमा प्राप्त बोलपत्र खोलिने छ, साथै लिलाम बिक्रीमा सो सुरक्षण धितो सम्पत्ती कसैले नसकारेमा वा रितपूर्बक बोलपत्र नपरेमा वा धितोकर्ताले समेत आफुले दिएको जमानतको घरजग्गा फिर्ता लिन कर्जाको सांवा, ब्याज, हर्जाना तथा अन्य लागेको दैदस्तुरको रकम समेत चुक्ता नगरेमा वा चुक्ता गर्न पहल नगरेमा सहकारी ऐन, नियमावली, प्रचलित नीति नियम तथा प्रचलित कानुन बमोजिम यस संघको विनियम र अन्तरलगानी नीतिले दिएको अधिकार प्रयोग गरी संघलाई लेखिदिएको धितो लिलाम विक्री वा धितो सुरक्षण सम्पत्ती पुनः लिलाम बिक्री वा यस संघ आफैले सकार गरी लिने ब्यहोरा समेत सम्बन्धित सबैलाई जानकारी गराईन्छ। धितो लेखिदिएको सम्पत्ती लिलाम बिक्री गर्दा वा संघ आफैले सकार गर्दा साबिकमा संघबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा बिक्री भयो वा मेरो, हाम्रो सम्पत्तीको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा संघ आफैले सकार गरी लियो भनी कहि कतै उजुर बाजुर गर्न पाउने छैन। साथै सुरक्षणमा रहेको सम्पुर्ण धितो लिलाम बिक्रीबाट पनि यस संघको सम्पुर्ण लेना रकम असुल उपर नभएमा सम्बन्धित ऋणी संस्था तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा सम्पत्तीबाट समेत असुल उपर गरी लिने र ऋणी तथा जमानीकर्तालाई कानुन बमोजिम कालो सुचिमा समाबेश गरिने ब्यहोरा समेत सम्बन्धित सबैलाई सुचित गराईन्छ।

**तपशिल :**

| **ऋणी संस्थाको नाम : सुचारु बचत तथा ऋण सहकारी संस्था लि, चाबहिल, काठमाडौं** |
|---|
| **संचालकहरुको विवरण** |
| १. अध्यक्ष : राजु श्रेष्ठ, बाबुको नाम : तर्क बहादुर श्रेष्ठ, बाजेको नाम : सिद्धि बहादुर श्रेष्ठ |
| २. उपाध्यक्ष : लमिन लामा, बाबुको नाम : होईसाङ्ग लामा, बाजेको नाम : गजविर लामा |
| ३. सचिव : शोभा बडाल, बाबुको नाम : शुदर्शन प्रसाद बडाल, बाजेको नाम : भुवनेश्वर बडाल |
| ४.कोषाध्यक्ष : सन्तोष बास्ताकोटी, बाबुको नाम : पूर्ण भद्र बास्ताकोटी, बाजेको नाम : मधुसुधन बास्ताकोटी |
| ५. सदस्य : राजकुमार महर्जन, बाबुको नाम : धन बहादुर महर्जन, बाजेको नाम : टेक बहादुर महर्जन |
| ६. सदस्य : धन बहादुर बुढाथोकी, बाबुको नाम : दिल बहादुर बुढाथोकी, बाजेको नाम : नर बहादुर बुढाथोकी |
| ७. सदस्य : बेनुका थापा राई, बाबुको नाम : प्रेम ध्वज थापा, बाजेको नाम : टिका ध्वज थापा |

**धितोदाता एवं धितोको बिबरण**

१. पुष्प राजको नाती छविलालको छोरा बलराम हुमेगाईको नाममा श्री मालपोत कार्यालय काभ्रेपलाञ्चोकमा दर्ता श्रेष्ता कायम रहेको, काभ्रेपलाञ्चोक जिल्ला साबिक दापचा छत्रेबाझ गा.वि.स/न.पा. बडा नं ७, नक्सा सिट नं ७, कित्ता नं ५९, ४४, ४७, १२१, ६० र ४३ को क्षेत्रफल क्रमशः १-६-२-०, ०-९-१-०, ०-१४-०-२, ०-७-२-१, २-५-१-३ र १-१-३-० (रोपनी) को जग्गा र सो ले चर्चेको लिगलगापात समेत।

२. छविलालको बुहारी बलरामको श्रीमती सुसिला हुमागाईको नाममा श्री मालपोत कार्यालय काभ्रेपलाञ्चोकमा दर्ता श्रेष्ता कायम रहेको, काभ्रेपलाञ्चोक जिल्ला साबिक दापचा छत्रेबाझ गा.वि.स/न.पा. बडा नं ७, नक्सा सिट नं ७, कित्ता नं ४६ र ४५ को क्षेत्रफल क्रमशः ०-१४-३-१ र ०-७-२-३ (रोपनी) को जग्गा र सो ले चर्चेको लिगलगापात समेत।

**शर्तहरु**

१. बोलपत्र फाराम यस संघको केन्द्रिय तथा सदस्य सेवा कार्यालयहरुबाट रु.५०० (अक्षेरुपी पांच सय) रुपैया मा फिर्ता नहुने गरी खरिद गर्न सकिने छ।
२. बोलपत्र फाराममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। बोलपत्र फाराममा आफुले लिन चाहेको अचल सम्पतीको बिबरण यस संघबाट प्रकाशित सूचनाको आधारमा नै भर्नुपर्नेछ। उल्लेखित अचल सम्पत्तिको स्पष्ट बिबरण उल्लेख गरी सो को मुल्य अंक र अक्षरमा भर्नुपर्नेछ। अंक र अक्षरमा रकम फरक पर्न गएमा अक्षरमा उल्लेखितलाई मान्यता दिईने छ। बोलपत्रमा उल्लेख भएका विषय वाहेक अन्य कुनै थप शर्त राखी वोलपत्र पेश गरेमा त्यस्तो बोलपत्र स्वतः रद्ध हुनेछ।
३. बोलपत्रमा आफुले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशतले हुन आउने रकम यस संघको केन्द्रिय कार्यालयको नाममा रहेको ग्लोबल आई.एम.ई बैंक, बानेश्वरमा रहेको खाता नं १७२०१०१००००३०५ मा जम्मा गरेको सक्कल भौचर वा यस संघमा नगदै जम्मा गरेको भौचर बोलपत्र साथ पेश गर्नुपर्नेछ।
४. लिलाम बिक्री हुने धितो सुरक्षण निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगाबै यस संघको केन्द्रिय कार्यालय बानेश्वरमा कार्यालय सञ्चालन समय भित्र सम्पर्क राखि जे जस्तो अबस्थामा छ सोहि अबस्थामा निरिक्षण गर्न सकिनेछ। साथै सोहि अबस्था वा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ।
५. बोलपत्र स्वीकृत भएको सूचना पाएको ७ दिन भित्र सम्पुर्ण रकम बुझाई अचल सम्पत्ती आफ्नो नाममा नामसारी गरी लिनु पर्नेछ। सो म्याद भित्र रकम नबुझाएमा धरौटी रकम स्वत जफत हुनेछ। नामसारी गर्दा लाग्ने दस्तुर, पुँजिगत लाभकर, पानी, बत्ति, बिजुली, मालपोत कर दस्तुर सदर भएको बोलपत्रदाताले बहन गर्नुपर्नेछ।
६. बोलपत्र दाखिला भईसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तहरुमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागे सम्म सामान्यतया धरौटी रकम फिर्ता दिईने छैन।
७. रित नपुगेको वा म्याद नाघि पेश हुन आएको बोलपत्र स्वत रद्ध हुनेछ।
८. बोलपत्र स्वीकार गर्ने वा अस्वीकार गर्ने र लिलाम सम्बन्धि सम्पुर्ण कार्यगर्ने अधिकार संघमा निहित हुनेछ।
९. बोलपत्र सदर बदर हुनु अगाबै ऋणीले सम्पुर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्ध गरी धरौटी फिर्ता दिन सकिनेछ। धरौटी स्वरुप राखेको रकममा ब्याज दाबि गर्न पाईनेछैन।
१०. उल्लेखित धितोपत्रहरुका लागि एकमुष्ट वा छुट्टा छुट्टै बोलपत्र पेश गर्न सकिनेछ।
११. लिलाम सूचना प्रकाशित भएको मितीले ३५ दिन भित्र बोलपत्र पेश गर्नुपर्ने छ। उक्त दिन बिदा परेमा सो को भोलिपल्ट कार्यालय समय भित्र पेश गर्न सकिनेछ। लिलाम सूचना प्रकाशित मितिले ३६ औ दिन दिउसो कार्यालय सञ्चालन समय भित्र संघको सदस्य सेवा कार्यालय चाबहिल, काठमाडौंमा बोलपत्र खोलिनेछ। यदि ३६ औ दिनमा सार्बजनिक बिदा परेमा सो को भोलिपल्ट वा कार्यालय खुलेको दिनमा उल्लेखित समयमा बोलपत्र खोलिनेछ। ३५ दिन सम्म ऋणी वा धितोवालाले संघको ऋण चुक्ता बुझाई धितो फुकुवा गरी लैजान सक्नेछ।
१२. प्राप्त भएका बोलपत्रहरु बोलपत्र पेश गर्ने ब्यक्ति वा नीजको प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ। यदी बोलपत्र पेश गर्ने ब्यक्ति वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न संघलाई बाधा परेको मानिने छैन।

**यस सम्बन्धी विस्तृत जानकारीका लागि :**

**नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून)**
नयाँ बानेश्वर, काठमाण्डौ । फोन नं. ०१ ४७९१९६३, ४७९०२०१
इमेलः nefscun@nefscun.org.np, nefscun329@gmail.com
नेफ्स्कून



## क्याटरिङ्ग सेवा उपलब्ध गराउन शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित : २०८१/०८/१९ गते**
**सूचना नं : ५८-०८१/०८२**

यस नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लि (नेफ्स्कून) को ३३ औ बार्षिक साधारण सभा रुपन्देहीको बुटवलमा मिति २०८१ पौष ५ र ६ गते सम्पन्न हुन गईरहेको र उक्त सभाका प्रतिनिधिहरुलाई खाना खाजाको व्यवस्था गर्नुपर्ने हुनाले यस सूचनामा उल्लेख गरिएको मेनु बमोजिम क्याटरिंग सेवा उपलब्ध गराउन इच्छुक सेवा प्रदायक फर्म, कम्पनीहरुबाट यो सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र उल्लेखित मेन्यूको लागि मूल्य अभिबृद्धि कर सहितको शिलबन्दी दरभाउपत्र आव्हान गरिएकोछ।

**साधारण सभाहुने मिति र स्थान**
मितिः २०८१/०९/५ र ६ गते
स्थानः बुटबल अन्तराष्ट्रिय सम्मेलन केन्द्र, बुटवल, रुपन्देही

**तपशिल :**

| क्र.सं. | बिबरण |
|---|---|
| १ | **ब्रेकफास्टः ५ गते** – चना, अण्डा, भटौरा, मटर आलुको तरकारी, चिया बिहान तथा दिऊसो (कालो, सेतो)<br>**६ गते** – (जेरी, पुरी, तरकारी, दही, चिया बिहान तथा दिऊसो (कालो, सेतो) |
| २ | **खाना (लन्च): ५ र ६ गते** – प्लेन राईस(मसीनो चामल), आटा रोटी, दाल फ्राई, पनिर सहित मिक्स तरकारी, मसरुप चिल्लि, टमाटरको अचार, सलाद, पापड, पानी |
| ३ | **डेजर्टः ५ गते** – दही र फलफुल मिक्स, **६ गते** – दही र लालमोहन |
| ४ | **संख्याः** १५०० जना |

**शर्तहरु**

१. सूचना प्रकाशन भएको मितिले ७ औं दिनको कार्यालय समय भित्र रितपुर्बक भरिएको दरभाउपत्र साथ कम्पनी वा फर्मको दर्ता प्रमाणपत्र वा ईजाजतपत्र, स्थायी लेखा प्रमाणपत्र, आ.ब.०८०।८१ को कर चुक्ता प्रमाणपत्र वा म्याद थप र गुणस्तरीय खाजा तथा खाना उपलब्ध गराउने प्रतिवद्धता पत्र सिलबन्दी खाममा संलग्न राखी यस संघको केन्द्रीय कार्यालय नयां बानेश्वर तथा सदस्य सेवा कार्यालय रुपन्देहीमा दर्ता गराई सक्नुपर्नेछ। यसरी दर्ता गरिने सिलबन्दी दरभाउपत्रको खाममा बाहिर स्पष्ट बुझिने गरी सूचना नं. लेखिएको हुनुपर्नेछ।
२. दरभाउपत्र दाखिला गर्ने अन्तिम दिन सार्बजनिक बिदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय समय भित्र दाखिला गर्न सकिनेछ।
३. म्याद भित्र प्राप्त नभएका वा रित नपुगी प्राप्त भएका दरभाउपत्रहरु उपर कुनै कारवाही हुने छैन।
४. स्थानीय सेवा प्रदायकलाई बिशेष प्राथमिकता दिईनेछ साथै सहभागीहरुको संख्या थपघट भएमा सोहि अनुसार सेवा उपलब्ध गराउनु पर्नेछ।
५. दरभाउपत्र तथा अन्य आबश्यक जानकारीका लागि यस संघमा सम्पर्क गर्न सकिनेछ।
६. कुनै पनि दरभाउपत्र आंशिक वा पुरै स्वीकृत वा अस्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस संघमा सुरक्षित रहनेछ।

**यस सम्बन्धी विस्तृत जानकारीका लागि :**

**नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून)**
नयाँ बानेश्वर, काठमाण्डौ । फोन नं. ०१ ४७९१९६३, ४७९०२०१
इमेलः nefscun@nefscun.org.np, nefscun329@gmail.com
नेफ्स्कून



## प्रोफेशनल बचत तथा ऋण सहकारी संस्था लिमिटेड

प्रयागमार्ग, मिनभवन, काठमाडौ
फोन.नं.०१ -४६२०४३३ /०१-४६२०४८८

## कर्जा ऋण चुक्ता भुक्तान गर्ने सम्वन्धी ३५ दिने सूचना

(प्रकाशित मिति २०८१।०८।१९ गते)

यस सहकारी संस्थाबाट तपसिलमा उल्लेखित चल, अचल सम्पति कर्जा सुरक्षण वापत धितो राखि तपसिलका ऋणीहरुले लिनु भएको ऋण कर्जाको सावाँ, व्याज, लगायतका अन्य रकम यस संस्थासँगको शर्त कबुलियत बमोजिम तिर्न बुझाउन पर्नेमा सो नतिरि नबुझाई ऋण कर्जा सम्बन्धि शर्त बन्देज उल्लंघन गर्नु भएकोले कर्जा चुक्ता भुक्तानी गर्न अनुरोध गरि पटक पटक मौखित तथा लिखित तरताकेता पत्राचार गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्था गर्नु भएकोले सहकारी ऐन २०७४ को दफा ७९ र ८३ तथा सहकारी नियमावली २०७५ को नियम ३० बमोजिम ऋणकर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतीस) दिन भित्र तपसिलका ऋणीले अबिलम्ब यस सहकारीमा सम्पर्क राखी उक्त ऋण कर्जाको सम्पुर्ण बाँकी सावा ब्याज हर्जना समेत कर्जा रकम एकमुष्ट चुक्ता भुक्तानी गरि गराई सुरक्षणमा राखिएको धितोको सम्पतिको संरक्षण गर्नु हुन भनी यो सूचना प्रकाशित गरिएको छ । तोकिएको समयमा सावा ब्याज हर्जना समेत नतिरे नबुझाएमा तपशिलमा उल्लेखित धितो सुरक्षणको घर जग्गा लिलाम बिक्री वा सकार गरि कर्जा रकम अशुल उपर गरिने ब्यहोरा समेत जानकारी गराईन्छ ।

**ऋणी तथा धितोको विवरण**

| सि.नं. | ऋणीको विवरण | जमानीकर्ताको विवरण |
|---|---|---|
| १. | **क)** ऋणीको नामः हरेराम चौलागाँई<br>बाबु: नन्दि केशर चौलागाँई<br>बाजे : श्रीबिलाश चौलागाँई<br>ना.प्र.प.न. : ३३२३ रामेछाप<br>**ख)** ऋणीको नामः शारदा लामिछाने<br>बाबु: भरत प्रसाद लामिछाने<br>बाजे : छबिलाल लामिछाने<br>ना.प्र.प.न. : २०२३ नुवाकोट<br>**ग)** ऋणीको नामः केदार प्रसाद लुईटेल<br>बाबु: मोतिलाल लुईटेल<br>बाजे : लक्ष्मण प्रसाद लुईटेल<br>ना.प्र.प.न. : १२७३७ काभ्रे<br>**घ)** ऋणीको नामः बिमला चौलागाँई लुईटेल<br>बाबु: अम्बिका प्रसाद चौलागाँई<br>बाजे : बुद्धिनाथ चौलागाँई<br>ना.प्र.प.न. : २४४४३ काभ्रे<br>ठेगानाः- का.म.न.पा. ३१, काठमाण्डौ | नाम : केदार प्रसाद लुईटेल<br>बाबु: मोतिलाल लुईटेल<br>बाजे : लक्ष्मण प्रसाद लुईटेल<br>ना.प्र.प.न. : १२७३७ काभ्रे<br>ठेगानाः- का.म.न.पा. ३१, काठमाण्डौ<br>धितोको विवरण : केदार प्रसाद लुईटेलको नाममा श्रेस्ता कायम रहेको ललितपुर जिल्ला साविक ललितपुर म.न.पा. वडा न. ६ क स्थित कि.न. १२०० को क्षेत्रफल ०-७-१-० रोपनी जग्गा र सो मा बनेका सम्पुर्ण संरचनाहरु । |
| २. | **क)** ऋणीको नामः मोहन प्रसाद बास्तोला<br>बाबु: नरनाथ बास्तोला<br>बाजे : टिकाराम बास्तोला<br>ना.प्र.प.न.: १३०८६।१९९५१।१७९५१ सुनसरी<br>ठेगानाः मधुबन ७, सुनसरी<br>हालः काठमाण्डौं ३५ | नाम : अचुत बास्तोला<br>बाबु: मोहन प्रसाद बास्तोला<br>बाजेः नरनाथ बास्तोला<br>ठेगानाः का.म.न.पा.३, काठमाण्डौ<br>ना.प्र.प.न : २७-०१-७३-०३६०५, काठमाण्डौ<br>धितोको विवरणः मोहन प्रसाद बास्तोलाको नाममा श्रेस्ता कायम रहेको मोरङ्ग जिल्ला साविक केराबारी ३ च स्थित कि.न. १७ र १८ को क्षेत्रफल ०-१०-० र ०-१०-० बिगाह जग्गा र सो मा बनेका सम्पुर्ण संरचनाहरु । |
| ३. | **क)** ऋणीको नामः शिवराम श्रेष्ठ<br>बाबु: पुर्ण बहादुर श्रेष्ठ<br>बाजे : मान बहादुर श्रेष्ठ<br>ना.प्र.प.न. : १०१७/९८९९५, काठमाण्डौं<br>**ख)** ऋणीको नामः संगिता श्रेष्ठ<br>बाबु: कृष्ण प्रसाद श्रेष्ठ<br>पति : शिवराम श्रेष्ठ<br>ना.प्र.प.न. : ३०१३/४४, काठमाण्डौं<br>ठेगानाः- **साविक बालुवा गा.वि.स. वडा न. ९, हाल गोकर्णेश्वर ३, काठमाण्डौं** | नाम : पुर्ण बहादुर श्रेष्ठ<br>बाबु: मान बहादुर श्रेष्ठ<br>बाजे : नर बहादुर श्रेष्ठ<br>ना.प्र.प.न. : ६०८५, काठमाण्डौं<br>ठेगानाः- **साविक बालुवा गा.वि.स. वडा न. ९, हाल गोकर्णेश्वर ३, काठमाण्डौं**<br>धितोको विवरण : पुर्ण बहादुर श्रेष्ठको नाममा श्रेस्ता कायम रहेको काठमाण्डौं जिल्ला साविक बालुवा ९ हाल गोकर्णेश्वर ३, काठमाण्डौं स्थित कि.न. ७४१ र ७३८ को क्षेत्रफल क्रमस १५८.९५, १७५०.७४ ब.मि. जग्गा र सो मा बनेका सम्पुर्ण संरचनाहरु । |
| ४. | ऋणीको नामः भरत बहादुर राउत<br>बाबु: कृष्ण बहादुर राउत<br>बाजे : भक्त बहादुर राउत<br>ना.प्र.प.न. : ५६४३।०२४ काभ्रे<br>ठेगानाः- महेन्द्रज्योती ८, काभ्रे | नाम : भरत बहादुर राउत<br>बाबु: कृष्ण बहादुर राउत<br>बाजे : भक्त बहादुर राउत<br>ना.प्र.प.न. : ५६४३।०२४ काभ्रे<br>धितोको विवरण : भरत बहादुर राउतको नाममा श्रेस्ता कायम रहेको काभ्रे जिल्ला साविक महेन्द्रज्योती ८ हाल बनेपा १२, काभ्रे स्थित कि.न. ५६५, ५६७ र १०८ को क्षेत्रफल क्रमस १-६-१-१, ०-८-०-१ र १-११-१-३ रोपनी जग्गा र सो मा बनेका सम्पुर्ण संरचनाहरु । |

## सम्पादकीय

# प्रधानमन्त्रीको चीन भ्रमण सार्थक बनोस्

नेपालका प्रधानमन्त्री केपी शर्मा ओली विश्वमै सर्वशक्तिमान बन्दै गएको जनवादी गणतन्त्र चीन भ्रमणमा हुनुहुन्छ । संसद्का दुई ठूला दल नेपाली कांग्रेस र नेकपा एमालेबीचको सहयात्रामा बनेको नयाँ सरकारका प्रमुख ओलीले चीनलाई पहिलो विदेश भ्रमणको गन्तव्य बनाउनुभयो । यसअघिका प्रायः प्रधानमन्त्रीहरूले छिमेकी राष्ट्र भारतलाई प्राथमिकता दिने गरेका थिए । प्रधानमन्त्री ओली १७ मंसिरबाट चीन भ्रमणमा हुनुहुन्छ । भोलि २० गतेसम्मका लागि त्यहाँ रहनुहुने प्रधानमन्त्री ओलीले मंगलबार बेइजिङमा चिनियाँ राष्ट्रपति सी चिनफिङ र प्रधानमन्त्री ली छ्याङसँग भेटवार्ता गर्नुभएको छ । सो क्रममा प्रधानमन्त्री ओली र चिनियाँ प्रधानमन्त्री ली छ्याङबीच ९ बुँदे सहमति र समझदारी–पत्रमा हस्ताक्षर भएको बताइएको छ । तर ती ९ बुँदामा भएको हस्ताक्षरले नेपाललाई के फाइदा पुग्छ ? त्यो महत्वपूर्ण विषय हो । छिमेकी शक्ति राष्ट्रहरू चीन र भारतले बेलाबखत गर्दै आएको नेपालप्रतिको व्यवहार र आपसी सहयोग आदनप्रदानमा देखिएका कैयौँ चुनौतीहरूलाई चिर्न प्रधानमन्त्री ओलीको भ्रमणले सहयोग पुग्छ भन्नेमा आम नेपाली आशावादी छन् । भ्रमणमा देखिएका केही कमजोरीले नेपालप्रति अन्य मुलुकले हेर्ने दृष्टिकोणमा समेत परिवर्तन ल्याउने कुरालाई पनि प्रम ओलीले हेक्का राख्नुहुनेछ भन्नेसमेत जनअपेक्षा छ ।

यद्यपि नेपालकै दलहरूबीच कतिपय विषयमा कुरा नमिल्दै चीन प्रस्थान गर्नुभएका प्रम ओलीमाथि राजनीतिक दलहरूले पनि फरक–फरक दृष्टिकोणले हेरेका छन् । खास गरी माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड) नेतृत्वको नेपाली कांग्रेस र नेकपा माओवादी केन्द्रको गठबन्धन सरकारले शुरु गरेको नेपाल–चीन बेल्ट एन्ड रोड इनिसिएटिभ (बीआरआई) सम्झौतामा दलहरूबीच कुरा मिलेको थिएन । तर, सरकारका सहयात्री दल कांग्रेस–एमालेबीच उक्त विषयमा सहमति जुटेपश्चात् प्रधानमन्त्री ओली चीन भ्रमणमा निस्कनुभएको हो । सत्ताबाहिरका दलहरूले बीआरआई अन्तर्गत ऋण स्वीकार्ने माओवादी, नेकपा एसलगायत दलहरूको चाहना भए पनि सत्ता सहयात्री दल कांग्रेस–एमालेबीच बीआरआईमा अनुदान भए लिने र ऋण स्वीकार गर्न नसकिने निष्कर्षसहित सरकारले (बीआरआई) सहकार्य फ्रेमवर्क बनाएर लगेको थियो ।

उक्त फ्रेमवर्कका विषयमा द्विपक्षीय भेटवार्तामा खासै चर्चा नभएको बताइएको छ । हस्ताक्षर भएको भनिएका ९ बुँदामा दुई देशबीच कुनै परियोजना र नेपाली नागरिकलाई प्रत्यक्ष सहयोग पुग्ने खालका देखिँदैनन् । नेपालले गर्दै आएका केही काम र चीनसँगको सहकार्यमा यसअघि नै हुँदै आएका केही विषयको जानकारीमूलक पत्रहरूमा भएको उक्त हस्ताक्षरलाई हसमति वा सम्झौता भन्न सकिने ठाउँ छैन । बीआरआई अन्तर्गत नेपालले ऋणबाहेक अनुदान मात्रै लिने गरी गरेको प्रस्तावमा चिनियाँ पक्षले असहमति जनाएको बुझिन्छ । नेपालले बनाएको बीआरआई फ्रेमवर्कमा चिनियाँ पक्ष सहमत हुन नसक्दा हस्ताक्षर हुन नसकेको कुरालाई राजनीतिक र कूटनीतिक दृष्टिकोणबाट पनि सकारात्मक देखिँदैन ।

चिनियाँ समकक्षी छ्याङसँगको ९ बुँदे हस्ताक्षरपछि प्रम ओलीले चिनियाँ राष्ट्रपति सी चिनफिङसँग भेटवार्ता गर्नुभयो । दुई नेताबीच करिब २० मिनेट भएको भेतवार्तामा समेत बीआरआई सम्झौताको विषयले स्थान पाउन नसकेपछि उक्त परियोजनाको विषय करिब बन्द भएको छ । नेपालका प्रधानमन्त्री र चिनियाँ पक्षबीच भेट भएको देखाउनका लागि मात्रै यो भ्रमण तय भएको थियो भने उक्त भ्रमण निरर्थक बन्न सक्छ । यसले प्रधानमन्त्रीको भ्रमणको ओचित्यमाथि प्रश्नहरू उठ्न सक्ने सम्भावनाको ढोका खुल्ला राखेको छ । द्विपक्षीय हितका नाममा गरिएका यी हस्ताक्षरले दुवै देशका नागरिक स्तरमा के प्रभाव पार्छ भन्ने हेक्का प्रधानमन्त्री र उहाँको भ्रमण दलका सहभागी सदस्यहरूले बुझ्नुहोला नै । जे होस्, छिमेकी राष्ट्रबीचको सम्बन्धलाई अझ बलियो बनाउन र द्विपक्षी सहयोग आदानप्रदानमा यो भ्रमण कोसेढुंगा बनोस् । शुभ–कामना !

**लेखकहरूलाई अनुरोध**

१३०० शब्दका उत्कृष्ट लेख-रचना एवम् पाठक-पत्रहरू
निम्न ठेगानामा पठाउनुहुन अनुरोध गरिन्छ ।
email : lekh_rachana@yahoo.com, samacharpatrac@gmail.com

# सुशासन, सेवा प्रवाह र विकासमा सरकारको सुस्त कार्यशैली



सागर पण्डित

> सेवा प्रवाह गर्ने प्रायः सबै निकायका कर्मचारीहरू बिचौलियाकोघेराबन्दीमा छन्। मन्त्रीहरू पनि बिचौलियाकै घेराबन्दीमा छन्। प्रधानमन्त्रीले आफूले भ्रष्टाचार नगर्ने र अन्यलाई पनि भ्रष्टाचार गर्न नदिने रटान रट्दै आए पनि त्यसलाई व्यवहारमा उतार्न सकेको देखिँदैन। कुशासनको चक्रमा फसेका मन्त्रीहरूमाथि प्रधानमन्त्रीले कारबाही गर्न नसक्नुले प्रधानमन्त्रीको बोली र गराइमा तारतम्यता देखिन सकेको छैन।

प्रमुख दुई ठूला दल कांग्रेस र एमालेबीचको गठबन्धनबाट बनेको केपी शर्मा ओली नेतृत्वको सरकारले मुलुकमा सुशासन स्थापित गर्न, सेवा प्रवाह प्रभावकारी बनाउन र विकासका महत्वपूर्ण योजना र कार्यक्रमलाई द्रुत गतिमा अघि बढाउन सकेको छैन। ठूला दुई सरकारद्वारा बनेको सरकारले पनि प्रभावकारीरुपमा काम गर्न नसक्दा आम जनतामा निराशा र आक्रोश छाउन पुगेको देखिन्छ। सत्तामा रहेकाहरूको अझै पनि चेत खुल्न सकेको देखिँदैन। जनतालाई सेवा र राहत दिने कार्यमा प्रधानमन्त्री, मन्त्रीलगायतका उच्च अधिकारीहरूको खासै ध्यान जान सकेको छैन। मुलुकमा विकासका योजना र कार्यक्रम सञ्चालन गर्ने, उद्योग कलकारखाना स्थापना गरेर जनतालाई रोजगारी दिने, मूल्यवृद्धि नियन्त्रण गर्ने, उत्पादन बढाई निर्यात गर्ने, जनताका पिरमर्का र गुनासोको तत्काल सम्बोधन गर्ने, जनताको गाँस, बास, कपास, स्वास्थ्य, शिक्षा र सुरक्षाजस्ता समस्या सम्बोधन गर्ने आदि कार्यमा सरकारी निकायले खासै ध्यान दिन सकेको छैन।

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको सफलतापूर्वक कार्यान्वयन गर्न र आम जनताको असीमित चाहना पूरा गर्न भने यसअघि गठन भएका प्रायः सबै सरकारहरू असफलजस्तै बने। संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीअनुसार सरकारहरू सञ्चालन हुनै सकेनन्। जनताको असीमिति चाहनालाई सम्बोधन गर्न संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाका सरकारहरू असफल हुँदै आएकाले शासन प्रणालीमाथि नै विभिन्न खाले टीकाटिप्पणी र प्रश्नहरू उठिरहेका छन्। तर पनि प्रमुख दल र शासकहरूले यो विषयलाई हल्कारुपमा लिइरहेका छन्।

वर्तमान सरकारका अधिकांश मन्त्रीहरू कार्यसम्पादनमा अनुत्तीर्ण बनेका छन्। प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले तयार पारेको कार्यसम्पादन मूल्यांकन र मन्त्रालयहरू आफैँले गरेको कामको विवरणलाई हेर्दा धेरै मन्त्रालयहरू लक्ष्यअनुसार काम गर्न असफल भएका देखिन्छन्। यसको अर्थ मन्त्रीहरू असफल भन्ने बुझ्नुपर्छ। अधिकांश असफल मन्त्रीहरूबाट सिंगो सरकारले आगामी दिनमा कस्तो कार्यसम्पादन गर्ला ? यस विषयमा प्रधानमन्त्रीले ठण्डा दिमागले सोच्नुपर्ने बेला आएको छ। कि असफल मन्त्रीहरूलाई तत्काल हटाएर काम गर्न सक्ने सक्षम र मेहनती मन्त्री ल्याउनुपर्छ, कि काम गर्न नसकेकालाई एकपटक अवसर दिएर काम र जिम्मेवारीमा खटाउन सक्नुपर्छ। त्यसका लागि अहिलेका मन्त्रीहरूले अहोरात्र काममा खट्नुपर्ने आवश्यकता देखिन्छ।

संघीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकास गर्ने महान् लक्ष्य र उद्देश्य लिएर गठन भएको सरकारका मन्त्रीहरूले आ-आफ्ना क्षेत्रमा उल्लेख्य काम गरेर तरंग दिन सक्नुपर्थ्यो। जनताले प्रत्यक्ष अनुभूति गर्न पाउने खालका अग्रगामी कार्यक्रमहरू सक्रियताका साथ लागू गर्न सक्नुपर्थ्यो तर त्यस्तो हुन सकेको छैन। हाम्रा धेरै मन्त्रीहरू कार्यस्थलको भवनको प्यासेजमा नै अलमलिन पुगेका छन्, मन्त्रीको रुपमा देश हाँक्न आएका राजनीतिक नेतृत्व चराले वेग हानेजस्तै वेग हान्न त खोज्छन् तर उनीहरू प्यासेजका भित्ताहरूमा नै अड्किन पुगेका छन्। यसमा दुई पक्षले काम गरिरहेको छ। एक त मन्त्रीहरूले अत्यधिक मिहिनेत गरेर मन्त्रालयको कार्यजिम्मेवारीलाई कडाइका साथ व्यवहारमा उतार्न सकिरहेका छैनन्। अर्कोतर्फ मन्त्रीलाई सघाउने महत्वपूर्ण जिम्मामा रहेको ब्यूरोक्रेसीले भित्रीरुपमा सहयोग गरेका छैनन्। मन्त्रीहरूले इमानदारितापूर्वक काम गर्न नसक्दा पनि प्रशासकहरूबाट सहयोग पाउन नसकेको हुन सक्छ।

मन्त्री भएर आएपछि अधिकांश मन्त्रीहरूले कार्यविभाजन नियमावलीअनुसार आफ्नो मन्त्रालयले गर्नुपर्ने कार्य जिम्मेवारीसमेत राम्ररी अध्ययन नगरेको पाइएको छ। मन्त्रीहरू मन्त्रालयको जिम्मेवारीअनुसारका महत्वपूर्ण योजना र कार्यक्रम ल्याउन भन्दा पनि विभिन्न खाले गोष्ठी, उद्घाटन र कार्यक्रममा सहभागी हुने गरेका छन्। अधिकांश मन्त्रीहरू आफ्नै स्वार्थमा रुमल्लिन पुगेको पाइन्छ। केही अपवादलाई छोडेर मन्त्रीहरू आफ्नो जिम्मेवारीअनुसारको बिजनेसलाई जनताको पक्षमा लैजान भन्दा पनि आफ्नै स्वार्थ पूरा गर्न लागिरहेका छन्। राजनीतिक नेतृत्वहरूले जहिले पनि आफ्नो जिम्मेवारीमा रहेको भित्रसम्मको बिजनेस के हो भन्ने कुराको गम्भीरतापूर्वक अध्ययन गरी बुझ्न सक्नुपर्छ। त्यसै गरी प्रधानमन्त्री ओली आफैं पनि सानातिना कार्यक्रममा नै अल्झन पुगेका छन्। प्रधानमन्त्री, मन्त्री र उच्च पदाधिकारीहरू सानातिना कार्यक्रमको उद्घाटनमा अल्झिनुभन्दा पनि योजना बनाउन, छलफल र बहस गर्नमा नै व्यस्त हुँदा उनीहरूकै लागि फाइदाजक हुनेछ। सरकारले अघि सारेको नीति तथा कार्यक्रमबमोजिम ब्यूरोक्रेसीले प्रतिबद्धताका साथ जनतासमक्ष सेवा प्रवाह गर्न सकेको छैन। ब्यूरोक्रेसीको काम नै प्रणालीअनुसार सेवा प्रवाह प्रभावकारीरुपमा दिने नै हो। तर अहिले जतासुकै सरकारका विषयहरू सुनिएका मात्रै छन्। सरकारलाई जनताले सुने पनि सरकार के हो भनेर वास्तविक अनुभूत गर्ने गरी देख्न सकेका छैनन्। जनतालाई सरकारको अनुभूत गराउने मुख्य भूमिका प्रशासनको हो। सरकारको काम याक्सनमा लैजाने भनेकै कर्मचारी प्रशासनले हो।

'द गभर्मेन्ट इन्टु एक्सन' भन्ने बित्तिकै सेवा प्रवाहको कुरा आउँछ। सेवा प्रवाह दिलाउने काम निजामती प्रशासन र अन्य सरकारी सेवाको हो। जनतालाई प्रदान गर्ने सेवाहरू, विकास प्रवाहको विषय, सुशासनको विषय, जवाफदेहिता, पारदर्शिता यी सबै विषयले उच्च प्राथमिकता पाउनुपर्छ। विगतका शासकीय प्रणालीहरू असफल हुनुमा राजनीतिक नेतृत्वको अक्षमताका साथसाथै कर्मचारीतन्त्रको अक्षमता पनि उत्तिकै कारण हो। सेवा प्रवाह गर्ने प्रायः सबै निकायका कर्मचारीहरू बिचौलियाको घेराबन्दीमा छन्। मन्त्रीहरू पनि बिचौलियाकै घेराबन्दीमा छन्। प्रधानमन्त्रीले आफूले भ्रष्टाचार नगर्ने र अन्यलाई पनि भ्रष्टाचार गर्न नदिने रटान रट्दै आए पनि त्यसलाई व्यवहारमा उतार्न सकेको देखिँदैन। कुशासनको चक्रमा फसेका मन्त्रीहरूमाथि प्रधानमन्त्रीले कारबाही गर्न नसक्नुले प्रधानमन्त्रीको बोली र गराइमा तारतम्यता देखिन सकेको छैन।

जनतालाई सबैभन्दा फ्रन्टलाइनबाट सेवा दिने भनेको स्थानीय तहले हो। तर जनतालाई सबैभन्दा नजिकबाट सेवा दिने स्थानीय तहलाई सुविधा सम्पन्न र साधन-स्रोत सम्पन्न बनाउन केन्द्रीय सरकारले नै बेवास्ता गरिरहेको छ। अर्कोतर्फ स्थानीय तहमा भ्रष्टाचार बढ्दो छ। कैयौं स्थानीय तह भ्रष्टाचारको अखडा बनिरहेका छन्। यसमा पनि राजनीतिक दलहरूले आफ्नै दलबाट निर्वाचन जितेर गएका मेयर, अध्यक्षहरूलाई लगाम लगाउन सकिरहेका छैनन्। जसका कारण प्रमुख दलहरूको साख दिनानुदिन गिर्न पुगेको हो।

अर्कोतर्फ हाम्रा प्रशासकमा जिम्मेवारी लिँदै नलिने गम्भीर रोग छ। जिम्मेवारी पन्छाउने र सकेसम्म जोखिम मोल्नै नचाहने प्रवृत्ति हाबी छ। निर्णय गर्दा आफ्नो स्वार्थ हेर्ने प्रवृत्ति पनि उस्तै छ। को कति मेरिट र क्वालिटीको छ भनेर छान्न राजनीतिक नेतृत्व असफलजस्तै देखिएको छ।

प्रधानमन्त्रीले आर्थिक समृद्धि, विकास र भ्रष्टाचारमा शून्य सहनशीलता, सुखी नेपाली समृद्ध नेपालको कुरा गरिरहेका छन् तर हाम्रो ब्यूरोक्रेसी त्यसलाई पूरा गर्न तयार छैन। माथिल्लो तहका प्रशासकहरूमा आफ्नो नेटवर्क, एक्सस र प्रभुत्व कायम गरिरहन खोज्ने प्रवृत्ति अत्यधिक छ। तल्लो तहमा भने मालपोत, नापी, वैदेशिक रोजगार, यातायातजस्ता कमाउ अड्डामा जान मरिहत्ते गर्ने प्रवृत्ति अहिले पनि व्यापक छ। अनियमितता खासै घटेको छैन। केही डर त छ तर पनि मालपोत, यातायात, प्रशासन, नगरपालिकाहरूमा दलाली प्रथा रोकिएको छैन। पैसाविना काम नै हुँदैन अहिले पनि। दलालहरू र बिचौलियाहरूको सक्रियतामा कमी आएको छैन। विकासे अड्डा तथा विकास निर्माणका काममा कमिसनको खेल अहिले पनि उस्तै छ। सडक गुणस्तरीय छैन, पुल गुणस्तरीय छैन, हरेक कुरा गुणस्तरहीन छ। प्रहरी प्रशासन आफैं अनियमितता र विकृतजन्य काममा संलग्न भइरहेको खबर सार्वजनिक भइरहनु दुःखद हो।

चालू आर्थिक वर्षमा लक्ष्य गरेको भन्दा निकै कम राजस्व उठ्ने भएको छ। यस्तो दुर्भाग्यपूर्ण अवस्था आउनु मुलुककै लागि दुःखद हो। यस्तो अवस्था आउनुमा धेरै पक्षले काम गरेको छ।। राजस्व क्षेत्रमा भ्रष्टाचार व्याप्त छ। सामानहरूमा मिलेमतोमा नै न्यून मूल्याङ्कन गरेर राष्ट्रलाई अर्बौं रुपियाँ ठगी गर्ने काम भइरहेको छ। त्यसरी राजस्व छली गर्नेहरूलाई कडारुपमा कानुनी दायरामा ल्याउन सकिएको छैन। राजस्व क्षेत्रमा ठूलो ब्रह्मलुट नै छ। राजस्व राम्ररी उठाउने हो भने वैदेशिक सहायता लिनुपर्ने अवस्थाबाट देशलाई मुक्त पार्न सकिन्छ। व्यापारी र कर्मचारीको मिलेमतोमा राज्यलाई ठग्ने काम भइरहेको छ। कर्मचारीको मिलेमतोमा राजस्व उठाउने क्षेत्रमा, विकास निर्माण र सडक-पुल बनाउने निकायमा, प्रहरी, न्यायालय, अर्थ, गृहजस्ता निकायमा नीतिगत भ्रष्टाचार अत्यधिक छ। राज्यबाट अर्बौं रुपियाँको ठेक्का पाएका निर्माण व्यवसायीले प्रभावकारी काम गर्न सकेका छैनन्। उनीहरू कसैसँग डराउँदैनन्। दलहरू र ठूला प्रशासकहरूलाई चन्दा दिएर र आर्थिक सहयोग गरेर आफ्नो बनाएका छन्। ठूला कर्मचारी र राजनीतिक नेतृत्वसँग उनीहरूको नेक्सस छ। आर्थिक क्षेत्रका डन र माफियाहरूले प्रमुख दल र शासकहरूलाई कब्जामा लिएर अप्रत्यक्षरुपमा आफैं शासन चलाइरहेका छन्। जसका कारण मुलुक कुशासनको चङ्गुलमा परेको छ। भ्रष्टाचारीहरूमाथि कठोर कारबाही हुन सकेको छैन।

विश्लेषकहरूका अनुसार समकालीन विश्वमा आर्थिक समृद्धिमा चामत्कारिक प्रगति हासिल गर्दै आएको चीनले भ्रष्टाचारीहरूमाथि कठोर कदम चाल्न सक्नाले नै त्यस्तो प्रगति गर्न सकेको हो भने दक्षिण-पूर्वी एसियाका मलेसिया तथा सिंगापुरजस्ता राष्ट्रले छोटो अवधिमा नै मुलुकलाई कायाकल्प गराउन सक्नुको प्रमुख कारण पनि ती देशले अपनाएको विधिको शासनको कडाइपूर्वकको पालना र भ्रष्टाचारमा शून्य सहनशीलताको नीति नै हो। कुनै मुलुकमा सुशासन कायम नहुँदासम्म ती देशले विकास र समृद्धि हासिल गर्न पनि सक्दैनन्।

सुशासनको अवधारणाअनुसार सुशासन माथिबाट शुरु हुनुपर्छ। प्रधानमन्त्री, मन्त्री, सचिव र कार्यालय प्रमुखहरू नैतिकवान् र इमानदार हुन सके भने धेरै हदसम्म सुशासन कायम हुन सक्ने सुशासनका क्षेत्रमा कार्यरतहरूको अनुभव छ। अर्थात् मुहान सफा भए त्यहाँबाट आउने पानी स्वतः सफा हुन्छ, तल धेरै सफा गरिरहनुपर्दैन भन्ने मान्यता पनि छ। यो मान्यतालाई विश्वास गर्ने हो भने प्रधानमन्त्री ओली, उनका मन्त्रीहरू र उनी मातहत चल्ने प्रशासकहरूले एकीकृतरुपमा भ्रष्टाचारमा शून्य सहनशीलताको नीतिलाई जोडतोडका साथ व्यवहारमा उतार्न सक्नुपर्छ।

## पाठक पत्र

### जोखिम नमोलौं

अब जनता नै सचेत हुनुपर्ने बेला आएको छ, विशेष गरी आर्थिक क्रियाकलापमा। वर्तमान सरकारमा नेकपा एमालेका अध्यक्षसमेत रहेका केपी शर्मा ओली प्रधानमन्त्री छन्। सोही पार्टीका उपाध्यक्ष विष्णुप्रसाद पौडेल अर्थमन्त्री छन्। एमालेकै कार्यकर्ता महाप्रसाद अधिकारी नेपाल राष्ट्र बैंकका गभर्नर छन्। विडम्बना, सरकार सञ्चालन र अर्थतन्त्र चलायमान बनाउने मुख्य भूमिकामा एउटै पार्टीका नेता-कार्यकर्ता हुँदा पनि देशको अर्थतन्त्र दिनप्रतिदिन नाजुक अवस्थामा पुगेको अनुमान गर्न सकिन्छ।

अहिले बजार व्यापक मन्दीमा छ। घरजग्गा, गाडी, शेयर, व्यापार व्यवसायलगायतमा लगानी गरेका अधिकांश व्यक्ति डुबेका छन्। कतिपय सहकारीका सञ्चालक भागे। करोडौं बचतकर्ताको रुवावासी भयो। कतिपय लघुवित्त र फाइनान्सले पनि बचतकर्ताको बिचल्ली बनाएका छन्। अहिले बैंकमा पनि समस्या देखिन थालेको छ। सहकारीकै हालत बैंकको पनि हुने बजारमा चर्चा हुँदै आएको छ।

चेक बाउन्स र कालोसूचीमा पर्नेहरूको संख्या दिनप्रतिदिन बढ्दै गएको छ। हरेक दिन कोही न कोही चेक बाउन्समा समातिएका हुन्छन् भने कालोसूचीमा पर्ने क्रम पनि जारी छ। ऋण तिर्न नसकेपछि बैंक तथा वित्तीय संस्थाले घरजग्गालगायत धितो लिलाम गर्दा लाखौं सर्वसाधारण सडकछाप अवस्थामा पुगेका छन्। सहकारीले पैसा खाइदिँदा पनि करोडौं सर्वसाधारण घर न घाटको भएका छन्।

केही वर्षयता बजारमा मन्दी छ। विशेष गरी मन्दीको असर घरजग्गा, गाडी र शेयर कारोबारमा परेको छ। व्यापार व्यवसाय पनि उत्तिकै घाटामा छ। बजारमा लगानीकर्ताको अभाव छ। अहिले घरजग्गा, गाडी र शेयरमा लगानी गर्न चाहने पनि कोही छैन। बेच्न चाहने भने यत्तिकै भेटिन्छन्। मन्दीका कारण घरजग्गा, गाडी र शेयरको मूल्य सस्तिँदै गएको अवस्था छ।

तर, यसको फाइदा सीमित व्यक्ति तथा दलालीहरूले उठाउन थालेका छन्। मानिसको मजबुरीको फाइदा उठाएर दलाली, माफियाहरूले आफ्नो स्वार्थ पूरा गरिरहेका छन्। यहाँ अधिकांश मानिसले बैंक तथा वित्तीय संस्थाबाट ऋण लिएर घरजग्गा, गाडी र शेयर किनेका थिए। अहिले बैंकको ऋण तिर्न नसकेपछि उनीहरू मर्नु कि बाँच्नु अवस्थामा पुगेका छन्।

एकातिर ऋण तिर्न पैसा छैन, अर्कोतिर धितो बिक्री हुँदैन। फेरि बैंकको ऋण नतिर्नेबित्तिकै कालोसूचीमा परिहालिन्छ। त्यसैले, अहिले अधिकांश मानिसले सस्तोमा धितो बिक्री गर्न थालेका छन्। तर, त्यसको फाइदा सीमित व्यक्तिहरूले उठाइरहेका छन्। बैंकको ऋण ५० लाख बाँकी छ र साढे दुई करोड पर्ने धितो भएमा उनीहरू डेढ करोडमै दिन तयार हुन्छन्। त्यसमा पनि ५० लाख तत्काल र बाँकी रकम दुई वर्षपछि दिने भनेर तमसुक गरिन्छ। यसैको फाइदा उठाएर दलाली, माफियाहरू धितो आफ्नो नाममा पास गर्छन् तर सम्झौता अनुरुप दुई वर्षपछि रकम दिँदैनन्।

हिजो बैंक तथा वित्तीय संस्थाले घुसको आडमा आँखा चिम्लेर घरजग्गा, गाडी र शेयरलाई कर्जा प्रवाह गर्‍यो। एक करोड ऋण दिँदा १० लाख त घुसै खाने। सेवाशुल्क तीन प्रतिशतसम्म लिने। ब्याज १६ प्रतिशत भनेर ८० प्रतिशतसम्म असुल्ने। बैंकहरूले छिट्टै नाफा कमाउन घरजग्गा, गाडी र शेयरमा लगानी गरे। तर, उनीहरूले सोचेनन् कि यसको मूल्य कृत्रिमरुपमा बढाइएको हो।

घरजग्गा, गाडी र शेयरको मूल्य बढाउनुमा दलाली, भूमाफियाहरूको ठूलो हात छ। यिनीहरूले पाँच हजार रोपनीमा बिक्री नहुने खेतीयोग्य जमिन प्लाटिङ गरी आनाकै लाखौंमा बेचबिखन गरे। भारत र चीनमा एक लाखमा पाइने सवारीसाधन यहाँ ल्याएर दशौं गुणा बढी मूल्यमा बेचे।

यता, बैंकले सय रुपियाँ कित्तामा निष्कासन गरेको शेयर ३२ सय पुर्‍याए। दलालीहरूले घरजग्गा, गाडी र शेयरको मूल्य कृत्रिमरुपमा बढाइरहे अनि आम नागरिक र बैंक, वित्तीय संस्थाले मूल्य बढेको देखेर लगानी गर्न हानाथाप गरे। मानौं, त्यहाँ लगानी गर्नेको प्रतिस्पर्धा नै चल्यो। अहिले यसको मूल्यमा गिरावट आउँदा व्यक्तिदेखि बैंकसम्म चुर्लुम्मै डुबेको अवस्थामा छन्।

घरजग्गा, गाडी र शेयरमा लगानी गरेका धेरैले ऋण तिर्न नसकेपछि आत्महत्या गरेका छन्। कतिपय देशै छोडेर भागेका पनि छन् भने कतिपय डिप्रेसनमा गएका छन्। त्यस्तै, बैंकबाट ऋण लिएर यो क्षेत्रमा लगानी गरेकाहरू पनि ऋण तिर्न नसकेपछि कालोसूचीमा परेका छन्। कालोसूचीमा परेकै कारण उसले राज्यबाट उपलब्ध सेवा-सुविधाबाट वञ्चित हुनुपरेको छ। उसले बैंक खाता खोल्न पाउँदैन। न त विदेश जान नै पाउँछ। सरकारी सेवामा पनि प्रवेश पाइँदैन। यतिसम्म कि उसको तीन पुस्ताले यो नियति भोग्नुपर्छ।

कतिपय सहकारीले करोडौं बचतकर्ताको खर्बौं रकम खाइदिएको छ। सहकारीको पनि लगानी घरजग्गा, गाडी र शेयरमै हो। बैंकको पनि सम्पूर्ण लगानी यही क्षेत्रमा रहेको छ। यसले कतिपय सहकारी त डुबे, अब बैंक पनि डुब्ने संकेत देखाएको छ।

बैंकका बचतकर्ता पनि सहकारीकै बचतकर्ताको अवस्थामा पुग्ने देखिन्छन्। अहिले सरकार भन्छ, 'सहकारी सञ्चालक र संस्थाको नाममा भएको धितो बेचेर बचतकर्ताको रकम फिर्ता गर्छौं।' तर, धितो किन्छचाहिँ कसले ? त्यसमाथि धितोको मूल्य स्वाट्टै घटेको छ। करोडौंमा किनिएको घरजग्गा अहिले लाखमा बिक्री हुन्न। गाडी र शेयरको पनि यस्तै अवस्था छ। यस अवस्थामा धितोको भनेजति मूल्य आउँदैन। अनि कसरी बचतकर्ताको रकम फिर्ता हुन सक्छ ?

एकातिर किन्ने मान्छेको अभाव हुँदा अर्कोतिर धितोको मूल्य दिनप्रतिदिन घट्दै गएको छ। अनि कसरी सरकारले बचतकर्ताको रकम फिर्ता गर्छ? पछिल्लो समय पत्रपत्रिकामा बैंकले धितो लिलाम गरेको सूचना दिनहुँजसो देखिने गरेको छ। आजकल हरेक पत्रिकामा बैंकको लिलामी सूचना भेटिन्छ। बैंक धितो लिलाम गरेपछि त्यो बेचेर कर्जा उठाउँछ। तर, त्यो धितो किन्छचाँहि कसले ? अहिले धितो बेच्ने बढिरहेका छन्। किन्ने भने शून्यझैं छन्। सरकारदेखि व्यक्ति, बैंक तथा वित्तीय संस्थाहरू धितो बेच्न लागिपरेका छन्। अनि किन्ने कसले ?

अर्थ मन्त्रालय र राष्ट्र बैंक समयमै चनाखो नहुँदा व्यक्तिदेखि बैंक, वित्तीय संस्था डुबेका हुन्। सरकारले करको लागि घरजग्गा, गाडी र शेयरमा लगानी गर्न दियो। यद्यपि, यो क्षेत्रमा लगानीका कारण डुब्न सकिन्छ भनेर सोचेन। घरजग्गामा कर्जा प्रवाह गर्दा सर्वसाधारण, बैंक वित्तीय संस्था डुबेका मात्र छैनन्, मुलुकको खेतीयोग्य जमिन खण्डीकरण गरेर प्लटिङ गर्दा खेती गर्ने जमिन मासिएको छ। जसका कारण भविष्यमा भोकमरीको समस्यासमेत निम्तिन सक्छ।

यही क्षेत्रमा लगानीका कारण मुलुकको अर्थतन्त्रसमेत संकटमा परेको छ। गभर्नर महाप्रसाद अधिकारीले नै घरजग्गा, गाडी र शेयरमा कर्जा प्रवाह गर्नु मुलुकको लागि ठूलो क्षति भएको स्वीकारेका छन्। तर, डुबेपछि थाहा पाएर के गर्नु ? घरजग्गा, गाडी र शेयरको मूल्य अझै कैयौं वर्षसम्म बढ्दैन भनेर जानकारहरू नै बताउँछन्।

यसले यो क्षेत्रमा गरिएको जो-कोहीको लगानी नराम्ररी डुब्ने देखिन्छ। अहिले बैंक घरजग्गा, गाडी र शेयरमा गरेको लगानी उठाउन सकिन्छ भनी ग्राहक खोज्दै हिँडिरहेको छ। तर, बैंक संकटमा परिसकेको छ। त्यसैले, अब बैंकमा बचत गरेका सर्वसाधारण सचेत हुनुपर्छ। नत्र सहकारीका बचतकर्ताको जस्तै अवस्था नहोला भन्न सकिन्न। कतिपय सहकारीका बचतकर्ता त डुबेहाले तर बैंकका बचतकर्ता बेलैमा होसियार हुनु राम्रो हो।


**- रूषा थापा**

## सामाजिक सञ्जाल




स्थानीय तहको उपनिर्वाचनमा नेपाली कांग्रेस, एमाले र माओवादी मतको बीचमा सामान्य अदलाबदली भए पनि मतदाताको मतदान प्रवृत्ति भने स्थिर देखियो। यसको प्रमुख कारण स्थानीय तहमा प्रत्यक्ष निर्वाचन प्रणालीले गर्दा स्थानीय सरकार स्थिर रहनु हो। यसबाट पाठ सिकेर ठूला भनिने तीनवटै दलहरूले संघीय र प्रादेशिक तहमा महिनैपिच्छे सरकार भत्काउने र बनाउने भागदौड नमच्चाउने हो भने उनीहरूको विकल्प अझै तयार भएको छैन। तर यिनीहरूले कहिल्यै पाठ सिक्दैनन्, त्यो अर्कै कुरा हो।

**Muma Ram Khanal**
**@MumaRamKhanal**



केही नगरपालिकाका मेयर, उपमेयर र ४१ वटा वडाको चुनावको परिणामले कोही धेरै उत्साहित हुने र कोहीले रुवाबासी गर्नुपर्दैन। ०८४ सम्म पुग्दा धेरै उथलपुथल हुनेवाला छ। यसको हेक्का सबैलाई होस्।

**Roshan Khadka**
**@roshankhadka3**



गगन थापाका कुरालाई जति नै ट्रोल बनाए पनि कीर्तिपुरका जनताले आखिर गगनकै कुरा पत्याए। खासमा गगनले नेपालमा आईसीटीको क्षेत्रमा भइरहेको विकास र सम्भावनाबारे जे-जति बुझे, ट्रोल गर्नेहरूमा त्यो ज्ञान थिएन/छैन। संगत र अध्ययनको कमी भो उनीहरूमा।

**Bipendra**
**@Bipendraa**

# डोनाल्ड लु नेपाल आउने

काठमाडौं, (नेस)

अमेरिकी सहायक विदेशमन्त्री डोनाल्ड लु नेपाल आउने भएका छन्। दक्षिण एवम् मध्यएसिया मामिला हेर्ने सहायक विदेशमन्त्री लुले भारत, श्रीलंका र नेपाल भ्रमण गर्ने गरी नेपाल आउने भएका हुन्। उनको यो भ्रमण ३ डिसेम्बरदेखि १० डिसेम्बरसम्मको हुनेछ।

अमेरिकी विदेश मन्त्रालयलका अनुसार सहायक विदेशमन्त्री लुले नेपालमा रहँदा शीर्ष र युवा नेताहरुसँग भेटवार्ता गर्नेछन्। भेटवार्ता पर्यावरण संरक्षण, महिला सशक्तीकरण, सांस्कृतिक संरक्षण र नेपालको समृद्धिमा सहयोग बढाउने विषयमा केन्द्रित हुने अमेरिकी विदेश मन्त्रालयले जनाएको छ।

उनको यो भ्रमणले दक्षिण एसियाका साझेदार मुलुकसँगको सम्बन्ध मजबुत हुने र क्षेत्रीय समृद्धिका लागि बल पुग्ने अमेरिकाले विश्वास लिएको छ। लु अमेरिकी विदेश मन्त्रालयका प्रभावशाली सहायकमन्त्रीमध्येका हुन्। उनले यसअघि पनि तीनपटक नेपालको भ्रमण गरिसकेका छन्। पछिल्लोपटक उनी गत वर्ष असार २९ गते नेपाल आएका थिए। त्यसअघि उनी नेपालमा अमेरिकी सहयोग परियोजना मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) पारितको चरणमा रहेको अवस्थामा अमेरिकाबाट तारन्तार भएका भ्रमणको क्रममा नेपाल आइपुगेका थिए।

## नेपाल-चीन...

संसद्का दुई ठूला दल नेपाली कांग्रेस र नेकपा एमालेबीचको सहयात्रामा बनेको नयाँ सरकारका प्रमुख ओलीले चीनलाई पहिलो विदेश भ्रमणको गन्तव्य बनाउनुभएको छ। यसअघिका प्रायः प्रधानमन्त्रीहरुले छिमेकी राष्ट्र भारतलाई प्राथमिकता दिने गरेका थिए।

छिमेकी शक्ति राष्ट्रहरु चीन र भारतले बेलाबखत गर्दै आएको नेपालप्रतिको व्यवहार र आपसी सहयोग आदानप्रदानमा देखिएका कैयौं चुनौतीलाई चिर्न प्रधानमन्त्री ओलीको भ्रमण फलदायी बन्दै गएको एमाले नेताहरुले बताएका छन्। यद्यपि नेपालकै दलहरुबीच कतिपय विषयमा कुरा नमिल्दै चीन प्रस्थान गर्नुभएकामा ओलीमाथि राजनीतिक दलहरुले पनि फरकफरक दृष्टिकोणले हेरेका छन्। माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको सरकारले शुरु गरेको (बीआरआई) कार्यान्वयनमा सम्झौता र पोखरा विमानस्थलको ऋणलाई अनुदानमा परिमार्जनलगायत महत्वपूर्ण विषयमा निर्णय हुन नसक्नुले उहाँको भ्रमण सफल भएको मान्न नसकिने नेकपा माओवादी केन्द्रले जनाएको छ।

## कुरा...

नियुक्ति गर्न अन्तर्वार्ता दिएको करिबकरिब दुई महिना पुगिसक्दा समेत डीनलगायत कुनै पनि पदमा नियुक्ति हुन सकेको छैन।

नेपाली कांग्रेस र माओवादीबीच भागवन्डा नमिलेका कारण समस्या परेको स्रोतको दाबी छ। कांग्रेसले निकट प्रजातन्त्रवादी प्राध्यापक संघ नेपालले राम्रालाई हटाएर हाम्रालाई नियुक्ति गर्न लागेकोमा विरोध जनाइसकेको छ। संघले त्रिविको विनियम मिचेर, त्रिवि प्रशासन अघि बढेमा प्रतिकारमा उत्रने चेतावनी दिएको छ। कांग्रेस निकट प्राध्यापक संघले मानविकी संकायमा आफ्नो पार्टी निकटका प्राध्यापक डीनमा नियुक्ति हुनुपर्ने जनाइसकेको छ।

स्रोतका अनुसार चिकित्सा शिक्षा संकायमा एमाले, कृषि तथा वनमा नेपाली कांग्रेसले लिने आन्तरिक सहमति भइसकेको छ। तर उपकुलपति प्राडा बरालले मानविकी तथा सामाजिक र शिक्षा संकायको डीन माओवादीको भागमा पर्नुपर्ने अडान राखेको कारण समस्या भएको हो। दुई संकायमा एमाले, कांग्रेस र माओवादी तीनै संगठनको दाबी छ, सबैभन्दा धेरै विद्यार्थी अध्ययनरत मानविकी संकायमा सबै पार्टी निकट प्राध्यापक संघ र संगठनले दाबी गरिरहेका छन्।

## विश्वका...

हाल अभ्नी सेन्टर फर सस्टेनएबिलिटीकी निर्देशक रहेकी उहाँ वातावरणीय समाधान र दिगोपन प्रवर्द्धनका क्षेत्रमा काम गरिरहनुभएको छ। उद्यमशीलतालाई वातावरणीय न्यायसँग जोड्नुपर्नेमा जोड दिँदै आएकी उहाँ काठमाडौं उपत्यकामा प्लास्टिक प्रतिबन्धको अभियानमा सक्रिय रहँदै आउनुभएको छ।

**बिराटनगर इन्टरनेशनल कलेज प्रा.लि. बिराटनगरको**
**शैक्षिक कार्यक्रमको नाम परिवर्तन गर्ने सम्बन्धी**

यस संस्थाले सम्वन्धित निकायको अनुमति स्वीकृति प्राप्त गरी विदेशी विश्वविद्यालयको सम्वन्धनमा उच्च शिक्षाका शैक्षिक कार्यक्रम बिराटनगर महानगरपालिमा वडा नं. ५ मा संचालन गरिरहेकोमा University of Wolverhampton, UK द्वारा सम्बन्धन प्राप्त शैक्षिक कार्यक्रम BA (Hons) International Hospitality Management (3 years) को नाम परिवर्तन गरी BSc (Hons) Cybersecurity (3 years) राखी यस कलेजलाई संचालन गर्ने सहमति प्रदान गरेकाले विदेशी शिक्षण संस्थाको सम्वन्धमा उच्च शिक्षा संचालन गर्ने सम्वन्धी निर्देशिकाको दफा ९ क को खण्ड (ग) वमोजिम शैक्षिक कार्यक्रमको नाम परिवर्तन स्वीकृतिका लागि उक्त निर्देशिकाको ऐ दफाको खण्ड (च) को प्रयोजनका लागि यो सार्वजनिक सूचना प्रकासित गरिएको छ। यसै सम्बन्धमा कसैको गुनासो, दाबी वा चित्त नबुझेमा यो सूचना प्रकाशित भएको ३५ दिन भित्र श्री शिक्षा विज्ञान तथा प्रविधी मन्त्रालयको उच्च शिक्षा शाखामा वा यस कलेजमा प्रमाण सहित लिखित निबेदन दिनुहुन यसै सूचनाद्वारा सूचित गरिन्छ।

**Fishtail Mountain School of Hospitality Tourism and Management Pvt. Ltd.**
**को शैक्षिक संस्थाको नाम तथा सम्बन्धन प्रदान गर्ने विश्वबिद्यालय परिवर्तन गर्ने सम्बन्धि सूचना**

यस संस्थाले सम्बन्धित निकायको अनुमति स्वकृति प्राप्त गरि विदेशी विश्वबिद्यालय Taylor's University, Malaysia को सम्बन्धनमा उच्च शिक्षाका शैक्षिक कार्यक्रमहरु पोखरा माहानगरपालिका वडा नं ७ मा संचालन गरिरहेकोले अब उप्रान्त University of Wolverhampton, UK को सम्बन्धनमा उच्च शिक्षाका शैक्षिक कार्यक्रमहरु संचालन गर्न विश्वबिद्यालय परिवर्तन तथा कलेजको नाम Fishtail Mountain School of Hospitality Tourism and Management बाट Fishtail Mountain College राखि संचालन अनुमति प्रदान गर्नका लागि विदेशी शिक्षण संस्थाको सम्बन्धनमा उच्च शिक्षा संचालन गर्ने सम्बन्धी निर्देशिकाको दफा ९क को खण्ड (ग) वमोजिम शैक्षिक संस्थाको नाम तथा सम्बन्धन प्रदान गर्ने विश्वबिद्यालय परिवर्तन स्वीकृतिका लागि उक्त निर्देशिकाको ऐ दफाको खण्ड (च) को प्रयोजनका लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यसै सम्बन्धमा कसैको गुनासो, दाबी वा चित्त नबुझेमा यो सूचना प्रकाशित भएको ३५ दिन भित्र श्री शिक्षा विज्ञान तथा प्रविधी मन्त्रालयको उच्च शिक्षा शाखामा वा यस कलेजमा प्रमाण सहित लिखित निवेदन दिनुहुन यसै सूचनाद्वारा सूचित गरिन्छ।

# चार जनालाई भ्रष्टाचार मुद्दामा सफाइ

नेपाल समाचारपत्र, काठमाडौं

धनुषाको मिथिलाविहारी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत रामदरश यादवसहित चारजनालाई भ्रष्टाचार मुद्दामा सफाइ दिने फैसला गरेको हो।

विशेषका सदस्यहरू खुसीप्रसाद थारू, रामबहादुर थापा र मुरारीबाबु श्रेष्ठको इजलासले सो फैसला गरेको हो।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गत असार २१ गते प्रमुख प्रशासकीय अधिकृत यादवका साथै लेखापाल सुभासकुमार झा र जिन्सी शाखा प्रमुख तथा खरिदार उपेन्द्र यादवलाई प्रतिवादी बनाई विशेष अदालतमा मुद्दा दायर गरेको थियो।

नगरपालिकामा आर्थिक वर्ष ०७९/८० मा सञ्चालित वडा नं ९ को श्री आधारभूत विद्यालय र श्री रामजानकी प्राथमिक विद्यालयमा विद्यार्थी सिकाइ अभिवृद्धि कार्यक्रममा अनियमितता भएको भन्दै अख्तियारमा उजुरी परेको थियो। कुनै कामै नगरी भुक्तानी भएको दाबी गरिएको थियो।

अनुसन्धानका क्रममा उक्त कार्यका लागि सार्वजनिक खरिद ऐन र नियमावलीबमोजिम लागत अनुमान गरी दरभाउपत्र आह्वान गरी खरिद मूल्यांकन गर्नुपर्नेमा सो नगरेको भेटिएको थियो। नगरपालिकामा सूचीकृत रहेको भनी ३ आपूर्तिकर्ताको झुटो दरभाउपत्र तयार गरी खरिद मूल्यांकन समितिको बैठकमार्फत मूल्यांकन नगराई कार्यालयको टिप्पणी आदेशबाट खरिद कार्य गरिएको थियो।

विद्यार्थीहरूका लागि ७ प्रकारका २ सय ९५ सेट पोसाक मजदुर होजियरीका प्रोपाइटर रामसुन्दर साहबाट खरिद गरिएको थियो। यस क्रममा ९ लाख ९६ हजार रुपैयाँ नगरपालिकाले भुक्तानी गरेको थियो। जबकि त्यसको वास्तविक मूल्य ४ लाख ६१ हजार रुपैयाँ मात्र पर्ने अनुसन्धानले देखाएको थियो।

**SHANGRILA MOTORS PRIVATE LIMITED**
(Authorized Importer of CITROEN Vehicles for Nepal) | PAN No. 604265906

| Model | Type | Brand | Description of Model | Engine/Motor Power | Country of Origin | Unit | Unit Price | Unit MRP |
|---|---|---|---|---|---|---|---|---|
| CITROEN Ë-C3 | Electric | CITROEN | Ë-C3 SHINE WITH VIBE PACK | 41.92 kW (57ps) | INDIA | 1 | 39,25,000 | 39,25,000 |

## लक्ष्मी सन्राइज बैंक लिमिटेडको ऋण कर्जा चुक्ता भुक्तानी गर्ने गराउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८१/०८/१९)

यस बैंक (साविक लक्ष्मी/सन्राइज बैंक लि.) का तपसिलमा उल्लेखित ऋणीले बैंकसँग गरेको सम्झौता बमोजिम उपभोग गरेको कर्जाको बक्यौता रकम तिरी बुझाई कर्जा नियमित गर्नको लागि तहाँ ऋणी तथा जमानतकर्तालाई पटक-पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी कर्जा नियमित नगर्नु नगराउनु भएको तथा बक्यौता रकम चुक्ता फछ्र्यौट गर्ने तर्फ कुनै चासो नदेखाउनु भएकोले यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र कर्जाको सम्पूर्ण बक्यौता रकम (साँवा ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत) तिरी बुझाई कर्जा नियमित गर्न गराउनको लागि ऋणी लगायत सम्वन्धित सवै पक्षलाई यसै सूचनाद्वारा सूचित गरिन्छ। उल्लेखित समयावधि भित्र कर्जाको सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तानी नगरे नगराएमा ऋणी लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्नुपर्ने पक्षहरुलाई बिना अन्य सूचना कालोसूचीमा नाम समावेश गर्न सिफारिस गरिने तथा प्रचलित कानुन बमोजिम कर्जाको धितो सुरक्षणको रुपमा रहेको तपसिलमा उल्लेखित सम्पत्ती लगायत ऋणी लगायत सम्वन्धित पक्षको हकलाग्ने परिवारका सदस्यहरुको अन्य जायजेथाबाट समेत कर्जा असुल उपरको लागि आवश्यक कानुनी प्रक्रिया अवलम्बन गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ।

**तपसिल**

**ऋणी तथा जमानतकर्ताको विवरण**

**शाखा कार्यालयः काकरभिट्टा, झापा**

**१. ऋणीको नाम :** कर्म प्रसाद भण्डारीको बुहारी, कालु वीर मोक्तानको छोरी, डिल्लीराम भण्डारीको पत्नी, इलाम जिल्ला जिर्मले न.पा./गा.पा. वडा नं.०२ भई हाल रोङ गा.पा. वडा नं. ०६ बस्ने **मीना देवी भण्डारी** (ना.प्र.नं. ८८६८/२०८, जि.प्र.का. इलाम, जारी मिति २०४४/११/४)

**व्यक्तिगत जमानतकर्ता : *** कर्म प्रसाद भण्डारीको नाति, डिल्लीराम भण्डारीको छोरा इलाम जिल्ला जिर्मले न.पा./गा.पा. वडा नं. ०२ भई हाल रोङ गा.पा. वडा नं. ०६ बस्ने **सुबास भण्डारी** (ना.प्र.नं. ८५९२४, जि.प्र.का. इलाम, जारी मिति २०६३/७/२६)।

**धितो सुरक्षणको विवरण : जग्गाधनी मीना देवी भण्डारी**को नाममा मालपोत कार्यालय इलामको लगतमा दर्ता श्रेष्ता कायम रहेको इलाम जिल्ला जिर्मले गा.वि.स/न.पा वडा नं. २ स्थित कित्ता नं. १८० र ३८० को क्षेत्रफल क्रमश ५-०-०-० र २-६-०-० (रोपनी) भएको घर/जग्गा तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

**२. संयुक्त ऋणीको नाम :**

**क.** कर्म प्रसाद भण्डारीको नाति, डिल्लीराम भण्डारीको छोरा इलाम जिल्ला जिर्मले न.पा./गा.पा. वडा नं. ०२ भई हाल रोङ गा.पा. वडा नं. ०६ बस्ने **सुबास भण्डारी** (ना.प्र.नं. ८५९२४, जि.प्र.का. इलाम, जारी मिति २०६३/७/२६)।

**ख.** कर्म प्रसाद भण्डारीको बुहारी, कालु वीर मोक्तानको छोरी, डिल्लीराम भण्डारीको पत्नी, इलाम जिल्ला जिमले न.पा./गा.पा. वडा नं. ०२ भई हाल रोङ गा.पा. वडा नं. ०६ बस्ने **मीना देवी भण्डारी** (ना.प्र.नं. ८८६८/२०८, जि.प्र.का. इलाम, जारी मिति २०४४/११/४)।

**धितो सुरक्षणको विवरण : जग्गाधनी मीना देवी भण्डारी**को नाममा मालपोत कार्यालय भद्रपुर झापाको लगतमा दर्ता श्रेष्ता कायम रहेको झापा जिल्ला बाहुनडाँगी गा.वि.स/न.पा वडा नं. ८ स्थित कित्ता नं. २७८५ को क्षेत्रफल ०-१८-० (विगाहा) भएको घर/जग्गा तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

**शाखा कार्यालयः मिर्चैया, सिराहा**

**१. संयुक्त ऋणीको नाम :**

क. ठिठर चौधरीको नाती, अनौठिको छोरा सिराहा जिल्ला मझौलिया गा.वि.स. वडा नं. ०२ भई हाल मिर्चैया न.पा. वडा नं. ०३ बस्ने **ललविर चौधरी थारु** (ना.प्र.नं. ११२४१/५८४०६४६ जि.प्र.का. सिराहा जारी मिति २०३७/०३/१८)।

ख. अनौठिको नाती, ललविर चौधरी थारुको छोरा, सिराहा जिल्ला राघोपुर गा.वि.स. वडा नं. ०६ भई हाल मिर्चैया न.पा. वडा नं. ०३ बस्ने **सरोज कुमार चौधरी** (ना.प्र.नं. १५३०९६/१४५ जि.प्र.का. सिराहा जारी मिति २०७०/०१/२५)।

**व्यक्तिगत जमानतकर्ता :*** अनौठिको नाती, ललविर चौधरी थारुको छोरा, सिराहा जिल्ला राघोपुर गा.वि.स. वडा नं. ०६ भई हाल मिर्चैया न.पा. वडा नं. ०३ बस्ने **असोक कुमार चौधरी** (ना.प्र.नं.४९६-२८४९१ जि.प्र.का. सिराहा जारी मिति २०५८/०५/११)।

**धितो सुरक्षणको विवरण : संयुक्त ऋणी मध्येका ललविर चौधरी थारु**को नाममा मालपोत कार्यालय सिराहाको लगतमा दर्ता श्रेष्ता कायम रहेको सिराहा जिल्ला राघोपुर गा.वि.स/न.पा वडा नं. ६ख स्थित कित्ता नं. ३३६ को क्षेत्रफल ०-१-१९ (बिगाहा) जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

**शाखा कार्यालयः वीरगंज, पर्सा**

**१. ऋणी तथा धितो जमानतकर्ता:** इसु मिया अंसारीको नाति इब्राहिम मियाँ अन्सारीको छोरा पर्सा जिल्ला वीरगंज मन.पा. वडा नं. १६ बस्ने **अलिवर मियाँ** (ना.प्र.नं. १६०३१८४११ जि.प्र.का.पर्सा वीरगंज जारी मिति २०४४/०७/३०)

**धितो जमानतकर्ता :*** सुकई मियाको नाति, इसु मिया अंसारीको छोरा, पर्सा जिल्ला वीरगंज म.न.पा.वडा नं. १६ बस्ने **इब्राहिम मियाँ अन्सारी** (ना.प्र.नं. १६०३१२०५९ जि.प्र.का. पर्सा जारी मिति २०३७/०१/१७)।

**व्यक्तिगत जमानतकर्ताहरु :***

**क)** इसु मिया अंसारीको नाति, इब्राहिम मियाँ अन्सारीको छोरा, पर्सा जिल्ला वीरगंज म.न.पा. वडा नं. १६ बस्ने **सानवर अंसारी** (ना.प्र.नं. १६०३३२५०५ जि.प्र.का. पर्सा जारी मिति २०६१/०५/२३)।

ख) इसु मिया अंसारीको नाति, इब्राहिम मियाँ अन्सारीको छोरा, पर्सा जिल्ला वीरगंज म.न.पा. वडा नं. १६ बस्ने **सनौवर अंसारी** (ना.प्र.नं. १६०३३२४३६ जि.प्र.का. पर्सा जारी मिति २०६१/०५/०३)

**धितो सुरक्षणको विवरण :** इब्राहिम मियाँ अन्सारीको नाममा मालपोत कार्यालय पर्साको लगतमा दर्ता श्रेष्ता कायम रहेको पर्सा जिल्ला नौतन न.पा वडा. न. ६ ख स्थित कित्ता नं.२०४५ को क्षेत्रफल ०-२-४-८ (वि-क-धु-क) जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

**२. ऋणीको नाम :** प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य तथा आपुर्ति व्यवस्थापन विभाग, घरेलु तथा साना उद्योग कार्यालय कास्कीमा दर्ता नं. ४३५३/०६७/०६८ मिति २०६७/११/१९ मा रजिष्टर्ड भएको आन्तरिक राजश्व कार्यालय पोखरा पान नं. ३०४७६३३८२ भएको कास्की, जिल्ला पोखरा म.न.पा. वडा नं. ९ स्थित **नारायणी ट्रेड कन्सर्न।**

**प्रोप्राइटर तथा व्यक्तिगत जमानतकर्ता:** इसु मिया अंसारीको नाति, इब्राहिम मियाँ अन्सारीको छोरा, पर्सा जिल्ला विरगंज उ.म.न.पा./न.पा. वडा नं. १६ भई हाल वीरगंज म.न.पा. वडा नं. १६ बस्ने **सानवर अंसारी** (ना.प्र.न १६०३३२५०५ जि.प्र.का. पर्सा जारी मिति २०६१/५/२३)

**धितो तथा व्यक्तिगत जमानतकर्ता :*** सुकई मियाको नाति, इसु मिया अंसारीको छोरा, पर्सा जिल्ला विरगंज उ.म.न.पा./न.पा. वडा नं. १६ भई हाल वीरगंज म.न.पा. वडा नं. १६ बस्ने **इब्राहिम मियाँ अन्सारी** (ना.प्र.नं. १६०३१२०५९ जि.प्र.का. पर्सा जारी मिति २०३७/०१/१७)।

**व्यक्तिगत जमानतकर्ताहरु:***

क. इसु मिया अंसारीको नाति, इब्राहिम मियाँ अन्सारीको छोरा, पर्सा जिल्ला वीरगंज म.न.पा. वडा नं. १६ बस्ने **अलिवर मियाँ** (ना.प्र.नं. १६०३१८४११ जि.प्र.का. पर्सा जारी मिति २०४४/०७/३०)।

ख. इसु मिया अंसारीको नाति, इब्राहिम मियाँ अन्सारीको छोरा, पर्सा जिल्ला विरगंज म.न.पा. वडा नं. १६ बस्ने **सनौवर अंसारी** (ना.प्र.नं. १६०३३२४३६ जि.प्र.का.पर्सा जारी मिति २०६१/०५/३)।

**धितो सुरक्षणको विवरण :**

१. **धितो जमानतकर्ता** इब्राहिम मियाँ अन्सारीको नाममा मालपोत कार्यालय पर्साको लगतमा दर्ता श्रेष्ता कायम रहेको पर्सा जिल्ला नौतन न.पा वडा. न. ६ ख स्थित कित्ता नं. ७५३ को क्षेत्रफल ०-३-१० (वि-क-धु) जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

२. बैंकको नाममा हाईपोथिकेशन अर्न्तगत धितो सुरक्षण स्वरुप लेखिदिएको ऋणीको सम्पुर्ण स्टकमा रहेका मौज्दातहरु।

**३. ऋणीको नाम :** प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय पर्सा विरगंजमा दर्ता नं. ९६२७/०७५/०७५ अन्तर्गत मिति २०७५/०४/१५ मा रजिष्टर्ड भएको आन्तरिक राजश्व कार्यालय विरगंज पान नं. ६०८१२१०३३ भएको पर्सा, जिल्ला विरगंज उ.म.न.पा. वडा नं. १६ स्थित **हिमाल इलेक्ट्रीक वर्कसप।**

**प्रोप्राइटर तथा व्यक्तिगत जमानतकर्ता:** इसु मिया अंसारीको नाति, इब्राहिम मियाँ अन्सारीको छोरा, पर्सा जिल्ला वीरगंज म.न.पा. वडा नं. १६ बस्ने **सरेयाज अंसारी** (ना.प्र.नं. ३४१०२२/१५४२९ जि.प्र.का. पर्सा जारी मिति २०६८/११/०४)।

**धितो तथा व्यक्तिगत जमानतकर्ता :*** सुकई मियाको नाति, इसु मिया अंसारीको छोरा पर्सा जिल्ला वीरगंज म.न.पा. वडा नं. १६ बस्ने **इब्राहिम मियाँ अन्सारी** (ना.प्र.नं. १६०३१२०५९ जि.प्र.का. पर्सा जारी मिति २०३७/०१/१७)।

**व्यक्तिगत जमानतकर्ताहरु: ***

क. इसु मिया अंसारीको नाति, इब्राहिम मियाँ अन्सारीको छोरा पर्सा जिल्ला वीरगंज मन.पा. वडा नं. १६ बस्ने **अलिवर मियाँ** (ना.प्र.नं. १६०३१८४११ जि.प्र.का. पर्सा जारी मिति २०४४/०७/३०)

ख. इसु मिया अंसारीको नाति, इब्राहिम मियाँ अन्सारीको छोरा, पर्सा जिल्ला विरगंज म.न.पा. वडा नं. १६ बस्ने **सानवर अंसारी** (ना.प्र.नं. १६०३३२५०५ जि.प्र.का. पर्सा जारी मिति २०६१/०५/२३)।

ग. इसु मिया अंसारीको नाति इब्राहिम मियाँ अन्सारीको छोरा पर्सा जिल्ला वीरगंज मन.पा. वडा नं. १६ बस्ने **सनौवर अंसारी** (ना.प्र.नं. १६०३३२४३६ जि.प्र.का.पर्सा जारी मिति २०६१/०५/३)

**धितो सुरक्षणको विवरण :**

१. **धितो जमानतकर्ता इब्राहिम मियाँ अन्सारी**को नाममा मालपोत कार्यालय पर्साको लगतमा दर्ता श्रेष्ता कायम रहेको पर्सा जिल्ला नौतन न.पा वडा. न. ६ ख स्थित कित्ता नं. ७५३ को क्षेत्रफल ०-३-१० (वि-क-धु) जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

२. बैंकको नाममा हाईपोथिकेशन अर्न्तगत धितो सुरक्षण स्वरुप लेखिदिएको ऋणीको सम्पुर्ण स्टकमा रहेका मौज्दातहरु।

**४. ऋणी तथा धितो जमानतकर्ता:** बैजनाथ राउत कुर्मीको बुहारी, रामनाथ राउत कुर्मीको पत्नी पर्सा जिल्ला उदयपुरघुर्मी गा.बि.स. वडा नं. ०६, भई हाल वीरगंज म.न.पा वडा न. २७ बस्ने **राम्भा देवी** (ना.प्र.नं ९८६१२६१५, जि.प्र.का पर्सा जारी मिति २०६३/०८/१७)।

**व्यक्तिगत जमानतकर्ताहरु :***

क) बैजनाथ राउत कुर्मीको नाति, रामनाथ राउत कुर्मीको छोरा, पर्सा जिल्ला उदयपुरघुर्मी गा.बि.स. वडा नं. ०५, भई हाल वीरगंज म.न.पा वडा न. २७, बस्ने **कुन्ज बिहारी पटेल** (ना.प्र.नं ३४-०१-७१-०५१०१, जि.प्र.का पर्सा जारी मिति २०७१/०६/०१)।

ख) बैजनाथ राउत कुर्मीको नाति, रामनाथ राउत कुर्मीको छोरा पर्सा जिल्ला उदयपुरघुर्मी गा.वि.स. वडा नं. ०५, भई हाल वीरगंज म.न.पा वडा न. २७, बस्ने **लाल बिहारी पटेल** (ना.प्र.नं १०८३/४३७, जि.प्र.का पर्सा जारी मिति २०६८/०८/२८)।

ग) भरत राउत कुर्मीको नाति, बैजनाथ राउत कुर्मीको छोरा पर्सा जिल्ला उदयपुरघुर्मी गा.वि.स. वडा नं. ०५, भई हाल वीरगंज म.न.पा वडा न. २७, बस्ने **रामनाथ राउत कुर्मी** (ना.प्र.नं ९८६११६४९, जि.प्र.का पर्सा जारी मिति २०४४/११/१९)।

**धितो सुरक्षणको विवरण : ऋणी राम्भा देवी**को नाममा मालपोत कार्यालय पर्साको लगतमा दर्ता श्रेष्ता कायम रहेको पर्सा जिल्ला उदयपुरघुर्मी गा.वि.स/न.पा वडा नं. ४, स्थित कित्ता नं. ८६६, १६७३ र १६७१ को क्षेत्रफल क्रमशः ०-०-१, ०-०-८ र ०-०-९ (बि.क.धु) भएको घर/जग्गा तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

**शाखा कार्यालयः बिराटचोक, मोरङ्ग**

**१. ऋणीको नाम :** प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, उधोग वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य आपुर्ति तथा उपभोक्ता संरक्षण विभाग/कार्यालय विराटनगर, मोरङ्गमा दर्ता नं. ३२८३५/०७६/०७७ मिति २०७६/०९/१७ मा रजिष्टर्ड/दर्ता भएको आन्तरिक राजश्व कार्यालय विराटचोक मोरङ्गमा पान नं. ६११९९५४६३ भएको मोरङ्ग जिल्ला पथरी शनिश्चरे न.पा. वडा नं.०१, स्थित **सुनाखरी कस्मेटिक तथा गिफ्ट हाउस।**

**प्रोप्राइटर तथा व्यक्तिगत जमानतकर्ता:** गोपाल कार्कीको बुहारी नवराज कार्कीको पत्नि झापा जिल्ला हल्दिबारी गा.वि.स. वडा नं. १ भई हाल मोरङ्ग जिल्ला, पथरी शनिश्चरे न.पा. वडा नं. १ बस्ने **अनिता खतिवडा** (ना.प्र.नं. ०४-०१-६९-०७९७५ जि.प्र.का. झापा जारी मिति २०६९/०७/१७)

**व्यक्तिगत जमानतकर्ता :***

**क)** बिष्णु सिंह कार्कीको नाती गोपाल कार्कीको छोरा मोरङ्ग जिल्ला हसन्दह गा.वि.स. वडा नं. ६ भई हाल पथरी शनिश्चरे न.पा. वडा नं. १ बस्ने **नवराज कार्की** (ना.प्र.नं. १३७६ जि.प्र.का. मोरङ्ग जारी मिति २०५७/११/१९)

ख) विष्णु सिंह कार्कीको बुहारी गोपाल कार्कीको पत्नि चन्द्र बहादुर बस्नेतको छोरी मोरङ्ग जिल्ला पथरीशनिश्चरे गा.वि.स. वडा नं. ६ भई हाल मोरङ्ग जिल्ला, पथरीशनिश्चरे न.पा. वडा नं. १ बस्ने **मधु माया कार्की** (ना.प्र.नं. ०५-०२-७४-०७३०९ जि.प्र.का. मोरङ्ग जारी मिति २०७४/१०/२३)

**धितो सुरक्षणको विवरण : जग्गाधनि अनिता खतिवडा**को नाममा मालपोत कार्यालय बेलवारी, मोरङ्गको लगतमा दर्ता श्रेष्ता कायम रहेको मोरङ्ग जिल्ला मघुमल्ला गा.वि.स/न.पा वडा नं. ६घ स्थित कित्ता नं. २८८९ को क्षेत्रफल ०-०-१०-० बिगाह जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत। (**प्रस्तुत धितो ऋणी नवराज कार्कीले उपभोग गरेको कर्जालाई समेत धितो बन्धकीको तमसुक गरिएको**)

**२. ऋणीको नाम :** खड्ग बहादुर विष्टको नाती, मदन बहादुर विष्टको छोरा, भोजपुर जिल्ला छिनामखु गा.वि.स. वडा नं. ७ भई हाल मोरङ्ग जिल्ला, सुन्दरहरैंचा न.पा. वडा नं. ०८ बस्ने **ओम बहादुर विष्ट** (ना.प्र.नं. ६९६/३२४२/४११४ जि.प्र.का. भोजपुर जारी मिति २०४४/१०/११)

**व्यक्तिगत जमानतकर्ताहरु :***

क) हर्क बहादुर चौहानको छोरी, मदन बहादुर विष्टको बुहारी, ओम बहादुर विष्टको पत्नि भोजपुर जिल्ला चौकीडाडा गा.वि.स. वडा नं. १ भई हाल मोरङ्ग जिल्ला, सुन्दरहरैंचा न.पा. वडा नं. ०८ बस्ने **लिला माया चौहान** (ना.प्र.नं. ७५७/१०१७/२५ जि.प्र.का. भोजपुर जारी मिति २०४४/११/१२)

ख) मदन बहादुर विष्टको नाती, ओम बहादुर विष्टको छोरा, मोरङ्ग जिल्ला मृगौलिया गा.वि.स. वडा नं. ६ भई हाल सुन्दर हरैंचा न.पा. वडा नं. ०८ बस्ने **तेजेन्द्र विष्ट** (ना.प्र.नं. ०५-०१-७०-२०१९३ जि.प्र.का. मोरङ्ग जारी मिति २०७०/०८/२७)

ग) मदन बहादुर विष्टको नाती, ओम बहादुर विष्टको छोरा, मोरङ्ग जिल्ला सुन्दरहरैंचा न.पा. वडा नं. ८ बस्ने **देवेन्द्र विष्ट** (ना.प्र.नं. ०५-०१-७५-०४८४९ जि.प्र.का. मोरङ्ग जारी मिति २०७५/०४/२१)।

**धितो सुरक्षणको विवरण : ऋणी तथा धितो जमानीकर्ता ओम बहादुर विष्ट**को नाममा मालपोत कार्यालय बेलबारी, मोरङ्गको लगतमा दर्ता श्रेष्ता कायम रहेको मोरङ्ग जिल्ला मृगौलिया गा.वि.स/न.पा वडा नं. ९/क स्थित कित्ता नं. ३३९० र ३३९२ को क्षेत्रफल क्रमशः ०-०-९-३ र ०-०-०-१ (बिगाहा) जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

* तेश्रोपक्ष जमानतकर्ताको हकमा जानकारीको लागि मात्र यो सूचना प्रकाशित गरिएको हो।

**नोटः ऋणी बाहेकका व्यक्तिहरुको नाम निजहरुलाई चिनाउने प्रयोजनका लागि मात्र राखिएको हो।**

लक्ष्मी सन्राइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited

लक्ष्मी कम्प्लेक्स, हात्तीसार, काठमाडौं
फोन नं.: ४५४४६८४/८५
Email: info@laxmisunrise.com
URL : www.laxmisunrise.com

# एकीकृत डाटा पोर्टल शुरू

**नेपाल समाचारपत्र, काठमाडौं**

राष्ट्रिय तथ्यांक कार्यालयले एकीकृत डाटा पोर्टल 'एनएसओ डाटा पोर्टल' सञ्चालनमा ल्याएको छ। प्रमुख तथ्यांक अधिकारी मधुसुदन बुर्लाकोटीले पोर्टल सार्वजनिक गर्नुभएको हो।

तथ्यांक ऐन, २०१५ अनुसार वि.सं. २०१५ साल पुस १७ गते स्थापना भएको केन्द्रीय तथ्यांक विभाग वि.सं. २०७९ मा जारी गरिएको तथ्यांक ऐन, २०७९ कार्यान्वयनमा आएसँगै राष्ट्रिय तथ्यांक कार्यालयमा परिवर्तन भएको छ। तथ्यांक ऐन, २०७९ लाई मुख्य आधार मानी कार्यालयले तथ्यांकीय क्रियाकलाप सञ्चालन गर्दै आएको छ। नेपालको तथ्यांक प्रणालीको केन्द्रीय निकायको रुपमा रहेको राष्ट्रिय तथ्यांक कार्यालयले नियमित रुपमा बिभिन्न गणना, सर्वेक्षण तथा अन्य विधिको प्रयोग मार्फत आर्थिक, सामाजिक तथा वातावरणीय तथ्यांक उत्पादन गर्दै आएको छ।

राष्ट्रिय जनगणना, राष्ट्रिय कृषिगणना, राष्ट्रिय आर्थिक गणना, नेपाल जीवनस्तर सर्वेक्षण, नेपाल श्रमशक्ति सर्वेक्षण, राष्ट्रिय औद्योगिक सर्वेक्षण, राष्ट्रिय जलवायु परिवर्तन सर्वेक्षण, नेपाल व्यापार सर्वेक्षण, राष्ट्रिय लेखा अनुमान राष्ट्रिय तथ्यांक कार्यालयका प्रमुख तथ्यांकीय क्रियाकलाप हुन्।

कार्यालयले हरेक वर्ष विभिन्न गणना तथा सर्वेक्षणहरूबाट संकलित तथ्यांक विश्लेषण गर्दै आर्थिक, सामाजिक वातावरणीय तथ्यांक प्रकाशन गर्दै आएको छ।

उक्त पोर्टलबाट कार्यालयबाट प्रकाशित सबै खालका तथ्यांकमा प्रयोगकर्ताको पहुँच बिस्तार भई आवश्यकता अनुसारका तथ्यांकहरू प्रयोग गर्न सहज हुने विश्वास कार्यालयले लिएको छ। पोर्टलमा विभिन्न विषयका २ हजार ४६० भन्दा बढी डाटा सेट उपलब्ध छन्। प्रयोगकर्ताको सहजताका लागि कृषि, आर्थिक सर्वेक्षण, वातावरण, श्रम, उद्योग, राष्ट्रिय लेखामान, गरिबी, जनसंख्या, मूल्य सूचक तथा सामाजिक गरी छुट्टाछुट्टै रुपमा बिभिन्न १२ वटा क्षेत्रगत तथ्यांक पोर्टलमा राखिएका छन्।


## गोलिया काठ लिलाम बिक्रीको सूचना

सूचना प्रकाशित मिति २०८१/८/१९

सूर्यगढी भंगेरी सामुदायिक वन उपभोक्ता समूह सूर्यगढी गाँउपालिका-३ र ४, नुवाकोटले व्यावस्थापन गर्दै आएको सामुदायिक वन क्षेत्रबाट कटान भई समूहमा घाटगद्दी रहेको तपशिल अनुसारको काठ सिलबन्दी दरभाउ पत्रद्वारा लिलाम विक्री गर्नुपर्ने भएकाले यो २१ दिने सूचना प्रकाशित गरिएको छ। विस्तृत विवरण यस कार्यालयमा सम्पर्क राखि लिन सकिनेछ। साथै सो सम्बन्धि सूचना कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ।

**तपशिल**

१. पैयु र खोटेसल्ला समेत गोलिया थान ४९१ को १७७०.६४ क्यू.फि. काठ।

**सूर्यगढी भंगेरी सामुदायिक वन उपभोक्ता समूहको**
**सूर्यगढी गाँउपालिका-३ र ४ नुवाकोट**



**FORWARD** फरवार्ड माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड
Microfinance Laghubitta Bittiya Sanstha Ltd
केन्द्रीय कार्यालय, थानारोड, दुहवी सुनसरी

## INTRANET CONNECTION को लागि दर भाउ प्रस्ताव पेश गर्ने सम्बन्धी सुचना

(प्रथम पटक सुचना प्रकाशित मिति : २०८१/०८/१९ गते)

यस वित्तिय संस्थाको १६३ वटा कार्यालयहरुमा 10Mbps INTRANET CONNECTION गर्नु पर्ने आवश्यक भएकोले इच्छुक फर्म/कम्पनीले शिलबन्दी दरभाउ प्रस्ताव ३० दिन भित्र केन्द्रिय कार्यालयमा आईपुग्ने गरी पेश गर्न हुन अनुरोध छ। आवेदन दिने अन्तिम दिन बिदा परेमा त्यसको भोलिपल्ट प्रस्ताव पेश गर्न सकिने छ। उक्त १६३ वटा कार्यालयहरुको विवरण संस्थाको वेवसाइट www.forwardmfbank.com.np/Notice पेजबाट प्राप्त गर्न सकिनेछ। त्यस कम्पनिबाट कुन कार्यालयका लागि कति दरमा सेवा उपलब्ध गराउने बारे संस्थाको वेवसाइटमा दिएको फरमेट अनुसार प्रस्तावमा समावेश गर्नु पर्ने छ।
प्रस्ताव सहित पेश गर्नु पर्ने कागजात/प्रतिलिपीहरु:- फर्म रजिस्ट्रेशन/नविकरण प्रमाणपत्र, PAN/VAT प्रमाण पत्र, आ.व.२०७९।८० को कर चुक्ताको प्रमाण पत्र, फर्म/कम्पनी प्रोफाइल (बैङ्क तथा वितिय संस्थामा कम्पनीको Intranet जडान र अनुभव सम्बन्धी विवरण समेत) र नियामक निकायबाट इजाजत पत्र आदी। यस सम्बन्धी थप जानकारी चाहिएमा यस संस्थाको मोबाइल नं.९८०२७८८५८०/९८०२७८८६३० मा सम्पर्क राख्न वा वित्तीय संस्थाको वेबसाईटमा हेर्न सकिनेछ।



PRISONERS ASSISTANCE NEPAL (PA NEPAL)
**बन्दी सहायता नेपाल**
*"Giving prisoners and their children a better today and a brighter future"*
PO Box 8974, PCN 363, Kathmandu, Nepal, Tel: 0977-4964896
Website: *www.panepal.org* Email: *enquiries@panepal.org*

## जग्गा खरिद गर्ने सम्बन्धी सूचना

सूचना प्रकाशित मिति २०८१।०८।१९

यस बन्दि सहायता नेपाल (पी. ए. नेपाल) लाई आफ्नो कार्यालय भवन तथा बालगृह भवन निमार्ण गर्नको लागि उपयुक्त जग्गा खरिद गर्न आवश्यक भएकोले तपसिल बमोजिमको स्थानका जग्गा धनिहरुले तपसिल बमोजिमको सर्तहरुको अधिनमा रहि यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र प्रस्ताव पेश गर्न हुन अनुरोध गरिन्छ।

**तपसिल**
**स्थान – नयाँबजार, काठमाण्डौ म.न.पा.१६ भित्र**

**शर्तहरू**

- प्रस्तावित जग्गा नेपाल सरकारको सडक विस्तार योजनामा नपरेको हुनुपर्नेछ,
- जग्गाको क्षेत्रफल ६ देखि ७ आना सम्मको हुनुपर्नेछ,
- जग्गाको Location Map , बाटो कायम भएको, लालपूर्जाको प्रतिलिपि, तथा आफ्नो स्वामित्वको कागजात समेत समावेश हुनुपर्नेछ,
- जग्गाको प्रति आनाको मूल्य निवेदनमा पेश हुनुपर्नेछ,
- जग्गा १० देखि १३ फिटसम्मको मोटरबाटो भएको हुनुपर्नेछ,
- सम्पर्क व्यक्तिको नाम, ठेगाना तथा जग्गा धनिको नागरिकता प्रमाणपत्र प्रतिलिपि निबेदन साथ संलग्न भएको हुनुपर्नेछ,
- जग्गा कुनै किसिमको मुद्दा मामिला वादविवाद नभएको हुनुपर्नेछ,
- कुनै कारण समेत नदर्शाई प्राप्त प्रस्ताव स्वीकृत वा अस्विकृत गर्ने वा छनौटमा परेका प्रस्ताव उपर समेत **पुन** : नेगोसियसन गर्ने सर्वाधिकार यस संस्थामा सुरक्षित रहनेछ तथा अन्तिम निर्णय गर्ने अधिकार यस संस्थामा निहित रहनेछ।



## विद्युतकर्मी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

बागबजार, काठमाडौ।

## उन्नाइसौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

विद्युतकर्मी बहउद्देश्यीय सहकारी संस्था लिमिटेडको मिति २०८१/०८/११ मा बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार संस्थाको प्रदेश एकाई भेला सहित १९औं वार्षिक सभारण सभाको कार्यक्रम तपशील बमोजिम हुने भएकोले सम्पूर्ण शेयर सदस्यज्यूहरु लगायत सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। उक्त साधारण सभा सम्बन्धी सूचना संस्थाको वेवसाइड (Website)मा राखिएको छ। साथै शेयर सदस्यहरुलाई सूचना पठाई सकिएकोमा कारणबस प्राप्त नभए पनि यसै सूचनालाई आधार मानी सहभागी हुन अनुरोध गरिन्छ।

**साधारण सभा सञ्चालन हुने कार्यक्रम** :

| प्रदेश | प्रदेश एकाई भेला सहितको साधारण सभा गरिने स्थान | मिति तथा समय |
|---|---|---|
| कोशी प्रदेश | विराटनगर, ने.वि.प्रा.प्रादेशिक कार्यालयको सभाहल | २०८१ पौष १३ गते शनिवार ११:०० बजे देखि |
| मधेश प्रदेश | जनकपुर, ने.वि.प्रा.प्रादेशिक कार्यालयको सभाहल | २०८१ पौष १५ गते सोमवार ११:०० बजे देखि |
| बागमती प्रदेश | काठमाडौ ( होटल हार्दिक ,बागबजार ) | २०८१ पौष २७ गते शनिवार ८:३० बजे देखि |
| गण्डकी प्रदेश | पोखरा, ने.वि.प्रा.प्रादेशिक कार्यालयको सभाहल | २०८१ पौष १३ गते शनिवार ११:०० बजे देखि |
| लुम्बिनी प्रदेश | बुटवल, ने.वि.प्रा.प्रादेशिक कार्यालयको सभाहल | २०८१ पौष १५ गते सोमवार ११:०० बजे देखि |
| कर्णाली प्रदेश | नेपालगंज, ने.वि.प्रा.डिभिजन कार्यालयको सभाहल | २०८१ पौष १३ गते शनिवार ११:०० बजे देखि |
| सुदुर पश्चिम प्रदेश | अत्तरिया, ने.वि.प्रा.प्रादेशिक कार्यालयको सभाहल | २०८१ पौष १५ गते सोमवार ११:०० बजे देखि |

**साधारण सभामा छलफल हुने कार्य सूचिहरु** :

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्युबाट प्रस्तुत वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने सम्बन्धमा।
२. लेखा सुपरिवेक्षण समितिको तर्फबाट प्रस्तुत वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा।
३. कोषाध्यक्षज्यूबाट प्रस्तुत आ.व.२०८०/८१को आर्थिक प्रतिवेदन तथा आ.व.२०८१/८२ को प्रस्तावित बजेट उपर छलफल गरी पारित गर्ने सम्बन्धमा।
४. आ.व. २०८०/८१को लेखा परीक्षण प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने सम्बन्धमा।
५. आ.व.२०८०/८१ को लाभांश घोषणा सम्बन्धमा।
६. आ.व. २०८१/८२ को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण सम्बन्धमा।
७. स्वास्थ्य हितकोष बचत संचालन कार्यविधि २०८० संशोधन स्वीकृत गर्ने सम्बन्भमा।
८. संस्थामा कार्यरत कर्मचारीहरुको पारिश्रमिक अनुमोदन गर्ने सम्बन्धमा।
९. संस्थाको केन्द्रीय स्तरमा हुने उन्नाइसौं वार्षिक साधारण सभामा सहभागीता गर्न प्रतिनिधि चयन सम्बन्धमा। (२० सदस्य बरावर १ जना प्रतिनिधि चयन हुने)
१०. विविध।

**साधारण सभा सम्बन्धी थप जानकारी** :

१. शेयर सदस्यहरुको सुविधाको लागि उपस्थिति पुस्तिका (फाराम) सदस्य कार्यरत कार्यालयमा यस संस्थासंग सम्बन्धी कार्य गर्न यस संस्थाबाट जिम्मेवारी तोकिएको व्यक्ति मार्फत सम्बन्धित कार्यालयमा मिति २०८१/०९/०१ देखि २०८१/०९/११ गतेसम्म राखिने भएकोले उपयुक्त समयमा उपस्थिति जनाउनु हुन अनुरोध गरिन्छ।
२. संस्थाको उन्नाइसौं वार्षिक साधारण सभाको विस्तृत प्रतिवेदन साधारण सभा हुने मिति भन्दा ७ दिन अगावै संस्थाको **website: www.biddhutkarmi.com.np** मा गउयिबम गरिने भएकोले सोहीलाई अध्ययन गरी प्रतिवेदन सम्बन्धमा सदस्यहरुको सल्लाह, सुझाव र संसोधन प्रस्ताव भए साधारण सभा तोकिएको दिन साधारण सभा हुने समय भन्दा अगावै लिखित रुपमा जानकारी गराउनु हुनेछ।
३. विद्युतकर्मी शैक्षिक पुरस्कार २०८१ सम्बन्धी जानकारी :

केन्द्रीय स्तरमा हुने उन्नाइसौं वार्षिक साधारण सभाका दिन २०८० सालको **SEE** परीक्षा उत्तीर्ण गरेका संस्थाका शेयर सदस्यका छोरा/छोरी मध्ये निजी/आवासीय विद्यालयबाट उच्चतम जि.पि.ए. (३ भन्दा माथि) प्राप्त गर्ने २ जना (१ जना छात्रा र १ जना छात्र), सामुदायिक/सरकारी विद्यालयबाट उच्चतम जि.पि.ए. (२.८ भन्दा माथि) ल्याई उत्तिर्ण गर्ने छात्रा/छात्रहरु मध्ये १/१ जना र २०८० सालको **10+2** परीक्षामा निजी/आवासीय विद्यालयबाट उच्चतम अंक सहित उत्तीर्ण हुने १ जना छात्रा र १ जना छात्र गरी २ जना तथा सामुदायिक/सरकारी विद्यालयबाट उच्चतम अंक ल्याई उत्तीर्ण हुने १ जना छात्रा र १ जना छात्र गरी २ जना समेत कुलजम्मा ८ जना विद्यार्थीहरुलाई विद्युतकर्मी शैक्षिक पुरस्कार २०८१ वितरण गरिने हुंदा संस्थाबाट उपलव्ध गराइएको फाराम संस्थाको **website: www.biddhutkarmi.com.np** मा राखिएको हुंदा उक्त फाराम भरी २०८१/०९/०५ भित्र पासपार्ट साइजको १ प्रति फोटो तथा प्रमाण पत्रका प्रतिलिपिहरु सहित संस्थामा दर्ता गर्नुहुन अनुरोध छ।

**सम्पर्क नं,ईमेल तथा वेभसाइट**
फोन नं.०१ ५३५१४०१, ०१ ५३५८०१४,९८५१३५७५७६
ईमेल : **bkbssl1@gmail.com**,वेभसाइट : **www.biddhutkarmi.com.np**

**सदस्य सचिव**





## लक्ष्मी सन्राइज बैंकको डिजिटल डिसेम्बर अभियान

**काठमाडौं, (नेस)**

लक्ष्मी सन्राइज बैंकको डिजिटल बैंकिङ प्रवर्द्धन गर्ने वार्षिक अभियानको छैठौं संस्करण डिजिटल डिसेम्बर २०२४ सुरु भएको छ।

यस अभियानले बैंकका ग्राहकलाई डिसेम्बर महिनाभरी डिजिटल बैंकिङ अपनाउन प्रोत्साहन गर्नका लागि बिभिन्न अफर प्रदान गर्ने छ। यस अभियानमा ग्राहकलाई डिजिटलरूपमा सशक्त बनाउन र उनीहरूको बैंकिङ अनुभव सरल बनाउनका निम्ती सरलीकृत कर दाखिला:





डिसेम्बरमहिनाभरी मोबाइल मनीमार्फत आफ्नो स्थायी लेखा नम्बर वा राष्ट्रिय परिचयपत्रको विवरण अद्यावधिक गरी सय रुपियाँ वा बढीको मोबाइल रिचार्ज गर्ने ग्राहकले बैंकबाट थप सय रुपियाँको रिचार्ज प्राप्त गर्नेछन्। आषनो खातामा अपडेट गर्नाले निक्षेपमा आर्जित ब्याजको कर कट्टी सजिलै प्रविष्ट हुनुका साथै अन्य फाइदा हुन्छन्।

त्यस्तै मोबाइल मनी प्रयोगकर्ताहरूले मिस कलमार्फत बिजुलीको बिल तिर्नसक्ने छन्। मोबाइल मनी एपबाटै सो सेवामा आबद्ध भई डिसेम्बर महिनाभरी मिसकलमार्फत बिल भुक्तानी गर्ने ग्राहकले पनि सय रुपियाँ रिचार्ज प्राप्त गर्न सक्नेछन्।

योग्यता पुगेका ग्राहकहरूले डिसेम्बर महिनाभरी क्रेडिट कार्डको आवेदन दिई सो सेवा लिएमा जारी शुल्क साथै ५ वर्षको वार्षिक शुल्कमा पनि छुट पाउने छन्।

डिसेम्बर महिनाभरी क्रेडिट कार्ड प्रयोग गरी ३० हजार रुपियाँभन्दा बढीको खरिद गरेमा बिना कुनै प्रोसेसिङ शुल्क र ब्याजबिनै सो भुक्तानीलाई सरल किस्ताबन्दीमा भुक्तानी गर्न सक्ने छन्।

## कजारिया टायल्सको नेपाली उत्पादन बजारमा




**काठमाडौं, (नेस)**

औद्योगिक समूह रमेश कर्प र भारतको कजारिया सिरामिक्स लिमिटेडको संयुक्त लगानीमा नवलपरासीमा उद्योग स्थापना गरेर कजारिया ब्राण्डको टायल्स उत्पादन भइरहेको छ। कजारिया रमेश टायल्स लिमिटेडले २०७९ सालदेखि नवलपरासीमा अन्तर्राष्ट्रिय स्तरको अत्याधुनिक उद्योग स्थापना गरेर उत्पादन शुरु गरेको हो।

हाल कजारिया ब्राण्डका विभिन्न साइजमा ग्लेज भिट्रिफाइड टायल्स र हेभी ड्यूटी भिट्रीफाइड टायल्स उत्पादन गरि बजारमा बिक्रि वितरण गरिरहेको छ। कम्पनीले निकट भविष्यमा सिरामिक्स टायल्स पनि नेपाली बजारमा ल्याउदै छ।

